# नमुना २
# सहजकर्ताको लागि निर्देशिका

“वृद्धिको लागि मिसन” पाठ्यक्रम
स्वस्थ मण्डलीहरू स्थापना गर्नु

“मिशनमा वृद्धि”
मण्डली स्थापकको लागि पाठ्यक्रमको समीक्षा

multiplication network

Revised 2018

# "बृद्धिको लागि मिशन"

मण्डली स्थापना पाठ्यक्रमको सरसरती अवलोकन

| | **नमूना १**<br>**स्वस्थ मण्डली स्थापना** | **नमूना २**<br>**सुसमाचार प्रचारको लागि तयारी** | **नमूना ३**<br>**परमेश्वरको योजनालाई बुझ्नु** | **नमूना ४**<br>**सुसमाचार प्रचार गर्नु** | **नमूना ५**<br>**मानिसहरुलाई विश्वासमा अगाडी बढाउनु** | **नमूना ६**<br>**चेलाहरुलाई हुर्काउनु** |
|---|---|---|---|---|---|---|
| **आराधना** | स्वस्थ मण्डलीको लागि वाइवलीय जगहरु | स्वस्थ मण्डलीहरुको लागि ईश्वरशास्त्रीय जगहरु | **स्वस्थ मण्डलीहरुको लागि मिशन सम्बन्धी जगहरु** | स्वस्थ मण्डलीहरुको लागि रणनैतिक जगहरु | सुसमाचारीय जीवन | इसाई बृद्धिः<br>ख्रीष्ट प्रमुख विषय<br>(वा ख्रीष्ट केन्द्रित) |
| **सेसन १** | **स्वस्थ मण्डली भनेको के हो ?** | **आत्मिक मापनः अनुसन्धानको सिद्धान्तहरु** | **परमेश्वरले मलाई के देखाइरहनु भएको छ?:**<br>**आफ्नो अनुसन्धानलाई बताउनु** | **विश्वास द्धारा धर्मीकरण** | **सुसमाचारको बाधकहरु** | **महान आज्ञा र**<br>**मण्डली स्थापना** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | मिशन, मूलपाठ र सन्दर्भ | दर्शन, मूलपाठ र सन्दर्भ | परमेश्वरका बोलावटमा निश्चियता भएको | सुसमाचार | सुसमाचार, चेलापन |
| **सेसन २** | **स्वस्थ मण्डली स्थापक भनेको के हो ?** | **यो हो जुन येशूले मेरो लागि गर्नुभएको थियोः तपाईको व्यक्तिगत गवाही तयार गर्नु र बताउनु** | **परमेश्वरले मलाई के देखाइरहनु भएको छ?:**<br>**आफ्नो गवाही बताउनु र प्रार्थना गर्नु** | **अगुवापनको वाइवलीइ सिद्धान्तहरु** | **परिवर्तनको प्रक्रिया १** | **सफल चेला निर्माणको लागि उपायहरु** |
| स्वस्थ मण्डलीको अवधारणा | परमेश्वरका बोलावटमा निश्चियता भएको | सुसमाचर | दर्शन, मूलपाठ र सन्दर्भ | अगुवाहरुलाई सशक्त पार्नु | सुसमाचार | चेलापन |
| **सेसन ३** | **जेड-विचार**<br>**परमेश्वरले के चाहनुहुन्छ?** | **सानो समूहहरुलाई अगुवाई गर्नु** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः परमेश्वरको दर्शनलाई थाहा गर्नु** | **सुसमाचार र**<br>**मण्डली स्थापना** | **परिवर्तनको प्रक्रिया २** | **आफ्नो लक्ष्यलाई चिन्नु,**<br>**आफ्नो मानिसलाई चिन्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन, अगुवाहरुलाई सशक्त पार्नु | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार | सुसमाचार | चेलापन |
| **सेसन ४** | **मण्डली स्थापना चक्र** | **गहन वाइवल अध्ययन २: परमेश्वरको वचनलाई अवलोकन गर्नु** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः मिशनलाई परिभाषित गर्नु** | **सानो समूहको शुरुवात गर्नु** | **सानो समूहमा**<br>**सुसमाचार** | **गहन वाइवल अध्ययन ४: परमेश्वरको वचनलाई लागु गर्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | सुसमाचार | सुसमाचार, चेलापन |
| **सेसन ५** | **किन साना समूहहरु ?** | **तपाईको मण्डली स्थापनाको लागि प्रार्थना गर्न कसरी परिचालन गर्ने ?** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः मान्यताहरुलाई परिभाषित गर्नु** | **सुसमाचार र समूदायको आवश्यक्ताहरुलाई पुरा गर्नु** | **अभ्यासः**<br>**सानो समूहको अनुभव** | **संसारको**<br>**विचारधारालाई बुझ्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | सुसमाचार, चेलापन | सुसमाचार | स्पष्ट दर्शनलाई संचार गर्नु | सेवा | सुसमाचार | परमेश्वरको बोलावटमा निश्चयता भएको |
| **सेसन ६** | **गहन वाइवल अध्ययन विधिहरु १: वाइवलले हामीलाई सिकाउन लगाउनु** | **प्रार्थना सँगतिः**<br>**भजनसँग्रह ९५** | **मेरो मण्डली स्थापनाको गुरु योजनाः रणनितिहरुलाई परिभाषित गर्नु** | **गहन वाइवल अध्ययन ३: परमेश्वरको वचनलाई व्याख्या गर्नु** | **गुरुयोजनाको प्रस्तुति** | **प्रार्थना सँगतिः परमेश्वरको विश्वासयोग्यताको लागि उहाँलाई धन्यवाद दिने** |
| स्वस्थ मण्डलीको अवधारणा | सुसमाचार, चेलापन | आराधना | स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार, चेलापन | अवधारणाहरुको संश्लेषण | आराधना |
| | **नमूना ७**<br>**समूह निर्माण गर्नु** | **नमूना ८**<br>**समूह निर्माण गर्नु** | **नमूना ९**<br>**मानिसलाई वास्ता गर्नु** | **नमूना १०**<br>**मण्डली स्थापना गर्नु** | **नमूना ११**<br>**भविष्यको लागि योजना बनाउनु** | **नमूना १२**<br>**एकतामा अगाडी बढ्नु** |

| **आराधना** | सुसमाचारद्धारा परिवर्तन | नम्रहरुको लागि अनुग्रह | प्रेम, सेवकाईको जग | ताकि संसारले विश्वास गरुन् : यूहन्ना १७ | मूल्य चुकाउनु | सम्पूर्ण संसारले नसुने सम्म |
|---|---|---|---|---|---|---|
| **सेसन १** | **मण्डलीको लागि वाइवलीय जगहरु** | **सामूहिक कार्य: अरुहरुको लागि प्रभावकारी रुपमा काम गर्नु** | **सम्बन्धगत सुसमाचार** | **मण्डलीको संस्थागत कार्यहरु** | **भण्डारेपनको परिचय** | **द्वन्दको समाधान गर्नु** |
| स्वस्थ मण्डलीको अवधारणा | अवधारणाहरुको संश्लेषण | अगुवाहरुलाई सशक्त पार्नु | सानो समूहका सदस्यहरुलाई वास्ता गर्नु | अवधारणाहरुको संश्लेषण | स्रोतहरुको भण्डारेपन | सँगति |
| **सेसन २** | **मण्डली: एक सजीव थोक** | **समूहको विकास** | **सँगति** | **आत्मिक वरदाहरुद्धारा सेवकाई** | **आर्थिक भण्डारेपन** | **प्रायश्चितको जीवन शैली** |
| स्वस्थ मण्डलीको अवधारणा | आधारणाहरुको संश्लेषण | अगुवाहरुलाई सशक्त पार्नु | सँगति | अंगलाई आत्मिक वरदानहरु अनुसार परिचालन गर्नु | स्रोतहरुको भण्डारेपन | सँगति |
| **सेसन ३** | **कहिले मानिसहरुको समूह एउटा मण्डली हुन्छ ?** | **सानो समूह छलफलको सक्रियता** | **हाम्रो समूदाय प्रति वास्ता गर्नु** | **कसरी आत्मिक वरदान सर्वेक्षणलाई प्रयोग गर्ने** | **रणनैतिक योजना कार्यशाला १** | **प्रायश्चित र पूर्नस्थापना : मण्डली अनुशासन** |
| स्वस्थ मण्डलीको अवधारणा | अवधारणाहरुको संश्लेषण | चेलापन | सुसमाचार, मूलपाठ, र सन्दर्भ | अंगलाई आत्मिक वरदानहरु अनुसार परिचालन गर्नु | | सँगति |
| **सेसन ४** | **गहन वाइवल अध्ययन विधि ५: गहन वाइवल अध्ययनलाई प्रयोग गर्ने तरीकाहरु** | **नयाँ सानो समूहका अगुवाहरुलाई तालिम दिनु** | **बृद्धि भईरहेको मण्डलीको विशेषताहरु** | **आत्मिक लडांईको पक्षहरु** | | **अगुवापन शैलीहरु** |
| स्वस्थ मण्डलीको अवधारणा | चेलापन | चेलापन, अगुवाहरुलाई सशक्त पार्नु | अवधारणाहरुको संश्लेषण | सँगति | | अगुवाहरुलाई सशक्त पार्नु |
| **सेसन ५** | **इसाई अगुवाको प्रोफाइल** | **अन्तरक्रियाको शैलहरु** | **सेवक अगुवापन** | **कसरी मण्डलीलाई आराधनामा अगुवाई गर्ने** | | **हाम्रो मण्डली र ख्रीष्टको वृहत अंग** |
| स्वस्थ मण्डलीको अवधारणा | अगुवाहरुलाई सशक्त पार्नु | अगुवाहरुलाई सशक्त पार्नु | अगुवाहरुलाई सशक्त पार्नु | आराधना | | सँगति |
| **सेसन ६** | **वाइवलीय प्रवचन: सन्देशलाई बुझ्नु** | **वाइवलीय प्रवचन २: स्रोतालाई बुझ्नु** | **प्रार्थना सँगति: एफिसी ३-५** | **वाइवलीय प्रवचन ३: आफूलाई बुझ्नु** | | **प्रार्थना सँगति: सुसमाचार फैलिनको लागि प्रार्थना** |
| स्वस्थ मण्डलीको अवधारणा | आराधना | आराधना | सँगति | सँगति | स्रोतहरुको भण्डारेपन, स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार |

# मिसनमा वृद्धि
## स्वस्थ मण्डलीहरू स्थापना गर्ने नमुना
## मल्टिप्लिकेसन नेटवर्क मिनिष्ट्रिज
## धेरै मण्डलीहरू/बलिया मण्डलीहरू

कपिराइट © २०१५

यो मण्डली स्थापनाको तालिम अबिज्ड ओमेगा पाठ्यक्रम र स्वस्थ मण्डली स्थापना गर्ने मल्टिप्लिकेसन नेट वर्क मिनिष्ट्रिजको संयुक्त कार्यक्रम हो ।

एमएनएमले मण्डली स्थापना गर्ने केन्द्रको तालिमबाट र वर्ल्ड मिनिष्ट्रिजबाट यस कार्यलाई मण्डलीमा प्रयोग गर्न अनुमति प्राप्त गरेको छ ।

तपाईंलाई यस समाग्रीलाई उत्पादन गर्न र वितरण गर्नलाई कुनै पनि स्वरुपमा निम्न प्रकारले अनुमति तथा उत्साह प्रदान गरिएको छः १) तपाईंले यस पाठ्यक्रमको श्रेय दिनुहुन्छ, २) यदि कुनै कुरालाई सुधार गरिएको छ भने, तपाईंले सूचित गर्नुहुन्छ, ३) यसलाई पुन छपाउनु हुदा लाग्ने खर्चलाई तिर्न लगाउनुहुन्न, र ४) तपाईंले यसलाई १,००० प्रतिभन्दा बढी छपाउन सक्नुहुन्न ।

ओमेगा पाठ्यक्रमः
व्यवहारिक मण्डली स्थापनाको तालिम

कपिराइट © २०००, २००६ युनाइटेड वर्ल्ड मिसन

यस समाग्रीलाई सुरुमा अलाइन्स फर स्याटुरेसन चर्च प्लान्टिङको समूहले कपिराइट गरेको थियो, र पिटर डेनेकाको रसियाको सेवकाइ २५० को प्रसंगको समन्वयात्मक साझेदारीमा तयार पारिएको थियो ।

यदि तपाईंले यस समाग्रीलाई इन्टरनेटमा राख्न चाहनुहुन्छ, वा यी माथि दिइएको रूपरेखा भन्दा पनि बाहेक तरिकाले प्रयोग गर्ने चाहना राख्नुहुन्छ भने, कृपया युनाईटेड ढ्रेड वर्ड मिसनमा सम्पर्क गर्नुहोस्, ATTN: Jay Weaver/Omega, 9401-B southern Pine Blvd., charlotte, nc 28273-5596, or omega_course@alliancescp.org.

अनुवाद गर्ने र तपाईंको परिवेशअनुसार ढाल्नलाई पनि अनुमति प्रदान गरिएको छ ।

हामीले डा. जेरी ओफर्ड, र डा. जेफ हालेलाई धन्यवाद दिँदछौं, किनकि यस महत्वपूर्ण समाग्रीलाई तयार गर्ने र वितरण गर्ने कार्यमा उहाँहरूको योगदान ठूलो छ । मिसन टु मल्टिप्लाई सम्पादकहरू ग्रे तेजा र जुवान वागनभेल्ड

| | **पहिलो दिनमा हुने नमुना २ तालिमको निम्ति प्रस्तावित तालिका** | |
|---|---|---|
| | नमुना २ को परिचय | ८.०० |
| | आराधना | ८.१५ |
| | प्रतिवेदन प्रस्तुत | ८.३० |
| सेसन १ | आत्मिक मापन : अनुसन्धानको सिद्धान्तहरु | ९.०० |
| | विश्राम | १०.०० |
| सेसन २ | यही नै काम येशूले मेरो निम्ति गर्नुभयो !<br>तपाईंको व्यक्तिगत गवाही बनाउने र बताउने । | १०.१५ |
| सेसन ३ | साना समूहहरूलाई अगुवाइ गर्नु<br>सानो समूह आइस ब्रेकर | ११.१५ |
| | दिउँसोको खानाको समय | १२.१५ |
| सेसन ४ | परमेश्वरको वचनलाई अवलोकन गर्नु<br>गहन बाइबल अध्ययन विधि, भाग २ | १.१५ |
| सेसन ५ | तपाईंको मण्डली स्थापनाको निम्ति<br>प्रार्थनालाई कसरी परिचालन गर्ने | २.१५ |
| | विश्राम | ३.१५ |
| सेसन ६ | सामूहिक प्रार्थना : भजन ९५मा आधारित आऔं<br>हामी आराधनामा निहुरौं | ३.३० |
| | समापन | ४.३० |
| | पहिलो दिनको समाप्ति | ४.४५ |

# सुसमाचार प्रचार गर्नको लागि तयार गर्नु
## नमुना २

**सिकाइको उद्देश्यः** सहभागीहरू तिनीहरूको आफ्नै भाषामा निम्न कुराहरू भन्नलाई सक्षम हुनेछन्:

- ➢ मण्डली स्थापनाको निम्ति चाहिने तीनवटा ईश्वरशास्त्रीय कारणहरू ।
- ➢ आत्मिक मापक भनेको के हो, र किन यो महत्वूर्ण हुन्छ ।
- ➢ सानो समूहको भेटघाटमा हुने चारवटा तत्वहरू र तिनीहरूको सामान्य क्रम ।
- ➢ गहन बाइबल अध्ययनको भागलाई अवलोकन गर्दा यसमा संलग्न हुनुपर्ने कुराको अर्थ के हुन्छ ।
- ➢ व्यवहारिक तरिकाका मण्डली स्थापकले तिनीहरूको मण्डली स्थापनाको प्रयासमा प्रार्थनालाई परिचालन गर्न सक्छन्; र
- ➢ स्वस्थ मण्डली स्थापनाका आधारभूत प्रकृयाहरू ।

**नमुना २ को परिचय (१५ मिनेट)**

सहजकर्ताको परिचयात्मक भनाइ (२ मिनेट)

- सहभागीहरुलाई न्यानो, मित्रवत् र उत्साहपूर्ण रुपमा स्वागत गर्नुहोस् ।
- सहभागीहरूलाई सँगसँगै प्रार्थनामा डोऱ्याउनुहोस् र त्यस दिनलाई परमेश्वरको महिमाको निम्ति समर्पित गर्नुहोस् ।

**कानेखुशी खेलबाट कार्यक्रम शुरु गर्नुहोस् (५ मिनेट)**

- सहभागीहरूलाई एउटा लामो लाइन बनाउन लगाउनुहोस् ।
- पहिलो व्यक्तिको कानमा कानेखुशी गरेर यो वाक्य भन्नुहोस्: “रूखबाट बनाइएको टेबलमा लगाइएको बैजनी रङ्ग त्यति राम्रो सुहाएन” ।
- त्यो व्यक्तिले, आफ्नो छेउमा रहेको अर्को व्यक्तिको कानमा उसले सुनेको जस्तै वाक्यलाई बताउनुपर्ने हुन्छ, र त्यसरी नै अन्य व्यक्तिलाई सो वाक्य प्रवाह गर्दा अन्तिम व्यक्तिसम्म पुग्नुपर्ने हुन्छ ।
- सो वाक्य अन्तमा सुन्ने ब्यक्तिलाई भन्न लगाउनुहोस्, त्यसपछि तपाईंले सुरुको वाक्यलाई पनि भनिदिनुहोस् । सामान्यतया सुरुमा भनेको वाक्य र अन्तिममा भनिएको वाक्यको बीचमा धेरै अन्तर पाउनुहुनेछ । त्यो हाँसोमा पनि आनन्द मनाउनुहोस् ।

**भन्नुहोस्,** “हामीले यस नमुनामा सुसमाचारलाई कसरी बताउने भनेर सिक्नेछौं, ताकि सो सुमाचार स्पष्टरूपमा ग्रहण गर्न सकियोस् र बुझ्न सकियोस्” ।

**मार्ग निर्देशनको महत्व (८ मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरु :** यो क्रियाकलाप गर्नुको उद्देश्य सहभागीलाई नक्साले कस्तो खालको जानकारी प्रदान गर्दछ भनेर सोच्नलाई सहायता गर्नु हो ।

- त्यो ठूलो समूहलाई ४-५ जनाको समूहमा विभाजन गर्नुहोस् । त्यो समूहलाई तिनीहरूको देशको नक्सामा पत्ता लगाएका मुख्य वस्तुहरुको सूची बनाउनलाई २ मिनेट समय दिनुहोस् ।
- हरेक समूहलाई त्यो नक्सामा भएका ३-४ वटा थोकलाई बताउन लगाउनुहोस् ।
- २ जना स्वयंसेवकलाई यस्तो अवस्थाको बारेमा एउटा उदाहरण बताउनलाई भन्नुहोस् जसमा त्यो नक्साले मद्दत पुऱ्याउनेछ । (उदाहरणको लागि, एक स्थानबाट अर्को स्थानमा आवत जावत गर्नु, पानी जस्ता स्रोतहरू कहाँ पाइन्छ भनेर खोज्नु) ।

**सबै जनालाई यसो भन्नुहोस्:** "आज हामीले मण्डली स्थापना गर्दा र त्यस क्षेत्रको मापनले कसरी हामीलाई सहयोग हुन्छ भन्ने कुरा सिक्नेछौं ।

# आराधना

## स्वस्थ मण्डलीहरूको निम्ति ईश्वरशास्त्रीय जगहरू (१५ मिनेट )

**भन्नुहोस् :** "आज हामीले वाइवलका चारवटा खण्डहरूलाई हेर्नेछौं कि कसरी परमेश्वरको क्रियाकलापले मण्डली स्थापकको कार्यलाई असर पार्नेछ, र यसमा कसरी तपाईंले उहाँसँगै सहभागीता जनाउन सक्नुहुन्छ ।"

**सहजकर्ताको लागि निर्देशन :** परिचयको निम्ति समूहमा तलका खाली ठाउँ भर्न लगाउनुहोस् ।

**परिचय :**

- परमेश्वरले येशू ख्रीष्टमा आफैमा त्यो सारा सृष्टिलाई मिलापमा ल्याउनुभएको छ ।
- पवित्र आत्माले मण्डलीलाई आउनेवाला परमेश्वरको राज्यलाई अगाडिबाटै अनुभव गर्ने शक्ति प्रदान गर्नुहुन्छ, जुनचाहिँ अगाडि नै यहाँ छ, तर पूर्ण रूपमा उपभोग गरिएको छैन ।
- मण्डली परमेश्वरको छुटकारा गर्ने प्रेमलाई "प्रकट गर्ने स्थान" जस्तै हो । र यसले संसार लाई विश्वास, आशा र प्रेमको समुदायको रूपमा नयाँ तरिकाले प्रदर्शन गर्दछ ।
- हामी ख्रीष्टियनहरुले अँगालेको दृष्टिकोण अनुग्रही र प्रेमिलो परमेश्वर जसले येशू ख्रीष्टमा सबै थोकहरुलाई नयाँ बनाइरहेका हुन्छन्, र उहाँका मानिसहरूलाई यसमा सहभागी हुन आमन्त्रण गर्दछन्, र वचनमा जरा गाडिएका हुन्छन्, र आत्माले अगुवाई गरिने, र येशूको फेरि उहाँको ज्योतिमा फर्कने दावी यस संसारलाई गर्नु हो ।

**सहजकर्ताको लागि निर्देशनहरू :** समूहलाई चारवटा समूहमा विभाजित गर्नुहोस्, र हरेक समूहको निम्ति एउटा खण्ड दिनुहोस् । तिनीहरूको समूहमा तिनीहरूलाई ती प्रश्नहरूको उत्तर दिन लगाउनुहोस्, र त्यसपछि बाँकी समूहलाई तिनीहरूका उत्तरहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

**भन्नुहोस :** "आफ्नो खण्ड तपाईको समूहसँग ठूलो स्वरमा पढ्न लगाउनुहोस् र तपाईंको खण्डसँग सम्बन्धित चारवटा प्रश्नहरूलाई छलफल गर्न लगाउनुहोस् ।"

खण्डहरू :

१. प्रेरित ३:१७-२१

२. एफिसी १:७-१०

३. कलस्सी १:१६-२०

४. रोमी ८:१९-२३

आफै - मिलाप - आउने वाला - शक्ति प्रदान - उपभोग गरिएको - प्रकट गर्ने स्थान - संसार - विश्वास आशा - प्रेम - दृष्टिकोण - अनुग्रही - प्रेमिलो - आमन्त्रण - जरा गाडिएका - अगुवाई - दावी

**प्रश्नहरू :**

१. यो खण्डमा परमेश्वरको कस्तो खालको क्रियाकलापलाई वर्णन गरिएको छ ?

२. किन यो क्रियाकलाप आवश्यक छ ?

३. कसरी यसले मण्डली स्थापकको कार्यमा असर पार्दछ ?

४. मण्डली स्थापकले परमेश्वरसँग रहेर उहाँको छुटकाराको योजनामा कस्ता खालका स्रोतहरूका साथ   सहभागी हुनु पर्ने हुन्छ ?

**भन्नुहोस्** : "हामीले यस्तो कुरा जान्नु कति आनन्ददायक हुन्छ, कि हामीहरू परमेश्वरसँग उहाँको कार्यमा सहभागी भइरहेका छौं, जो सबै उहाँको दृष्टिमा सृष्टि भएका छन् । मण्डली स्थापकमा पुरुष र महिलालाई, युवा र पाकोलाई आत्माले अगुवाइ गरेर सँगसँगै ल्याउने मौका हुन्छ, जसले विश्वासको नयाँ समुदायको निर्माण गर्दछन्, जहाँ विश्वास, आशा, र तिनीहरूको परिवेशमा प्रेम गर्ने हुन्छ ।"

यस अध्ययनमा छलफल गरिएका विषयहरुको वरिपरि रहेर दुई वा तीन जना सहभागीहरूलाई प्रार्थना गरेर यस खण्डलाई अन्त गर्नलाई भन्नुहोस्, र बाँकी रहेको समय परमेश्वरको महिमामा समर्पित गर्न लगाउनुहोस् ।

**नमुना २ को निम्ति तयारी गर्दा प्रतिवेदन दिनेः तपाईंको "जेड योजना" (१५ मिनेट)**

**भन्नुहोस् :** "नमुना १ मा तपाईंलाई "जेड" योजनालाई पूरा गर्नलाई भनिएको थियो । यो गृहकार्यमा प्रदान गरिएका तीनवटा प्रश्नहरूले तपाईंलाई केही आधारभूत अनुसन्धान गर्नको प्रकृया प्रदान गर्दछन् । हामी अनुसन्धानको विषयको गहिराइमा जानुभन्दा अगाडि, हामीले यस गृहकार्यबाट पत्ता लगाएका कुराको बारेमा केहि समय प्रतिवेदन प्रस्तुत गरौं"

**प्रतिवेदन दिने (३० मिनेट)**

**निर्देशनहरूः**

- सहभागीहरूलाई उनीहरूको कार्यपुस्तिकाको पानामा दिइएको मण्डली स्थापकको ए.बी.सी मासिक प्रतिवेदनको बारेमा बताउनुहोस् । तालिममा सहभागी हुने क्रममा प्रतिवेदन प्रस्तुत गर्नुपर्ने खाँचोको बारेमा बताउनुहोस् ।
- फारमलाई कसरी भर्ने भनेर वर्णन गर्नुहोस् ।
- नमूना २ देखि नमूना १२ सम्मको प्रतिवेदन दिने अवधिभरी एक-अर्कालाई कसरी प्रतिवेदन दिनुपर्छ भनेर त्यो समूहलाई व्याख्या गर्नुहोस्।

# मण्डली स्थापकको विवरण

मासिक प्रतिवेदन

## सामान्य जानकारी

| | | | | |
|---|---|---|---|---|
| **मासिक प्रतिवेदन** | | **मेन्टोरिँग भेलामा सहभागीता** | **छ** | **छैन** |
| **स्थापकको नाम** | | | | |
| **स्थापकको क्षेत्र** | | | | |
| **क्षेत्रीय निर्देशक** | | | | |

## व्यक्तिगत जानकारी

| | |
|---|---|
| **नयाँ सम्पर्कहरु**<br>मण्डली स्थापनाको सन्दर्भमा सुसमाचार प्रस्तुत गर्ने क्रममा सम्पर्क गरिएका व्यक्तिहरु | |
| **नयाँ जन्म पाएकाहरु**<br>येशूलाई ग्रहण गर्नेहरु | |
| **नयाँ बप्तिष्मा भएका व्यक्तिहरु**<br>बप्तिष्माको विधिमा सहभागी भएका व्यक्तिहरु | |
| **तालिममा नयाँ अगुवाहरु**<br>स्थापकले अगुवापनको लागि तालिम दिइरहेका व्यक्तिहरु | |

## सानो समूह । कम्तिमा २ जना नयाँ चेलाहरु र १ जना अगुवा

| | |
|---|---|
| **नयाँ सानो समूहहरु**<br>यो महिना शूरु भएका समूहहरु | |
| **सानो समूहमा नयाँ सहभागीहरु**<br>यो महिना सानो समूहमा सहभागी भएका नयाँ व्यक्तिहरु | |
| **समूह सहितको नयाँ अगुवाहरु**<br>मण्डली स्थापकको निरिक्षणमा सँचालित समूह सहितको नयाँ अगुवाहरु | |

## प्रार्थनाको अनुरोधहरु

१. ______________________________

२. ______________________________

३. ______________________________

## गवाहीहरु

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

## सेसन १

# आत्मिक मापन : अनुसन्धानका सिद्धान्तहरू (६० मिनेट)

## मुद्दा अध्ययनः एउटा अस्वस्थ मण्डलीको कथा (१० मिनेट)

**निर्देशनहरू :**

- तीनवटा समूहमा विभाजन गर्नुहोस्, र हरेक व्यक्तिलाई तिनीहरूले गरेको गृहकार्यको परिणाम बताउन ५ मिनेट समय दिनुहोस् ।
- हरेक समूहमा गएर तिनीहरुको क्रियाकलापको अवलोकन गर्नुहोस् ।
- यदि त्यहाँ कोही व्यक्तिहरूले गृहकार्यलाई पूरा गरेका छैनन् भने, तिनीहरूसँग विश्रामको समयमा व्यक्तिगत रूपमा भेटेर कुराकानी गर्नुहोस् । तिनीहरूलाई तालिमको अर्को सेसन अघि गृहकार्य पूरा गर्नलाई भन्नुहोस् ।
- समयले भ्याएमा १ देखि ३ जना व्यक्तिहरूलाई तिनीहरूले पत्ता लगाएका कुराहरु ठूलो समूहमा बताउनलाई भन्नुहोस् ।

## आत्मिक मापनलाई परिभाषित गर्नु (३० मिनेट)

अ. आत्मिक मापन भनेको के हो ?

**भन्नुहोस्:** "मण्डली स्थापनाको प्रकृयामा हामीले परमेश्वरको राज्यको निम्ति प्रयोग गर्ने उद्देश्यले जानकारीहरु संकलन गर्छौं" । परिणामस्वरूप, कहिलेकाहीँ मिसनसम्बन्धी अध्ययन गर्ने व्यक्तिहरूले यस्तो खालको अनुसन्धानलाई 'आत्मिक मापक' भनेर भन्दछन् । यस पाठमा हामीले 'अनुसन्धान' र 'आत्मिक मापन' भन्ने परिवेशलाई प्रयोग गर्नेछौं । यी दुवै परिवेशले दुईवटा मुख्य वास्ताका क्षेत्रहरूको बारेमा जानकारी संकलन गर्ने प्रकृयालाई बताउँदछ ।

**निर्देशनहरू :**
सहभागीहरूलाई तिनीहरूले तिनीहरूको कार्य-पुस्तिकामा रहेको तलका खाली ठाउँहरु भर्नलाई अगुवाइ गर्नुहोस्:

आत्मिक मापकले <u>परमेश्वरको राज्यको</u> निम्ति प्रयोग गर्ने उद्देश्यले निम्न कुराहरुको <u>जानकारी</u> संकलन गर्दछ :

१. कटनीको <u>क्षेत्र:</u> ती मानिस र स्थान जहाँ तपाईंले मण्डलीको स्थापना गर्नुहुनेछ ।

परमेश्वरको राज्य - जानकारी - क्षेत्र

२. कटनीको <u>शक्ति</u>: ती मानिसहरू, मण्डलीहरू, अन्य सम्प्रदायहरू र समूहहरू जसले मण्डली स्थापना को प्रकृयालाई निरन्तरता दिने कार्य गर्नेछन् ।

**आ. आत्मिक मापकको निम्ति बाइबलीय आधारः**

**निर्देशनहरूः**

- सानो समूहमा विभाजन गर्नुहोस् (संभव भएमा ६ जनाको समूह) ।
- हरेक समूहलाई तलको कुनै एउटा खण्ड दिनुहोस् । प्रत्येक समूहलाई दिइएको खण्ड पढ्नलाई भन्नुहोस्, र प्रतिवेदनमा कस्तो खालको जानकारीहरुको प्रतिवेदन प्रस्तुत गएिको छ निर्धारण गर्नुहोस् र किन यो जानकारीहरुको प्रतिवेदन दिनु महत्वपूर्ण छ भनेर बताउनुहोस् ।
- सबै सहभागीहरुलाई यी बाइबलका खण्डहरूले सुझाव दिएको जानकारीको बारेमा कक्षामा छलफल गर्न अगुवाइ गर्नुहोस्, र मण्डली स्थापना कार्यमा यी सुझावहरुलाई स्वीकार गर्नु महत्वपूर्ण हुन सक्छन् भनी बताउनुहोस् ।

**१.गन्ती १३:१-४**

जानकारीका प्रकारहरूः जासूसहरू भूमिको भेद पत्ता लगाउन पठाइएको ।

**महत्वः** सुरु गर्नुभन्दा अगाडि परिवेशलाई सिक्नु ।

**२. नहेम्याह १:३-४; २:१-६**

सूचनाको प्रकारः नहेम्याहले सहरको भत्केको पर्खालको पुनः निर्माणको कार्य सुरु गर्नुभन्दा अगाडि यरूशलेमको अवस्थाको त्यसपछि निर्माण कार्य गर्ने मानिसहरुको मानसिकता अनुसन्धान गरे ।

**महत्वः** खाँचोहरु र श्रोतहरुको बारेमा थाहा गर्नु ।

**३. मत्ती ९:३५-१०:१**

सूचनाको प्रकारः येशू मानिसहरूकहाँ जानुभयो, र उहाँका चेलाहरूलाई तिनीहरुको माझमा कामको लागि पठाउनु भन्दा अगाडि तिनीहरूको खाँचोलाई देख्नुभयो ।

**महत्वः** मानिसहरू र तिनीहरूको अवस्थालाई थाहा गर्नु ।

**४. यूहन्ना ४:३५**

सूचनाको प्रकारः प्रभु येशूले उहाँका चेलाहरूलाई आज्ञा गरेर मानिसको आत्माको भित्रपट्टी “हेर्न” वा “खोजतलास गर्न” (ग्रीक भाषाको अर्थ) लाई भन्नुभयो ।

महत्वः मौकाहरू प्रति सचेत हुनु ।

**५. प्रेरित १:८**

सूचनाको प्रकारः येशूले उहाँका चेलाहरूलाई रणनैतिक रूपमा छनौट गरिएको स्थान(यरूशलेम, यहूदी जातिको केन्द्र) बाट शुरुवात गरेर सुसमाचार प्रचार गर्ने आज्ञा दिनुभयो र त्योभन्दा बढी फैलिएका क्षेत्रहरू (यहूदीया, सामरिया, र पृथ्वीको अन्तसम्म) ।

**महत्वः** हामी जहाँ छौं, त्यहाँ सेवकाइ सुरु गर्ने, त्यसपछि अन्य क्षेत्रहरूतर्फ जाने ।

**६. प्रेरित २:४१, ४७; ४:४; ५:१४**

सूचनाको प्रकारः मानिसहरूको संख्याको प्रतिवेदन

**महत्वः** परमेश्वरले गरिरहनुभएको कार्य प्रति सचेत हुनु र उत्सव मनाउनु ।

इ. किन मण्डली स्थापकले आत्मिक मापन गर्नुपर्छ ?

- जानकारीले लक्षित क्षेत्रभित्र रहेका मानिसहरू प्रति दया जगाउँछ ।
- जानकारीले प्रार्थना गर्ने हृदयलाई जगाउँछ ।
- जानकारीले मण्डलीहरू स्थापना गर्ने दर्शनलाई उत्प्रेरित गर्दछ ।
- जानकारीले कटनीको शक्तिलाई अझ प्रभावकारी बनाउन सुसज्जित पार्दछ ।

ई. आत्मिक मापन कहिले हुनुपर्दछ ?

**सहजकर्ताका टिपोटहरू :** यो सेसनले नमुना १मा भएको मण्डली स्थापनाको चक्रलाई देखाउँछ । समयले भ्याएमा यो मण्डली स्थापनाको चक्रको समीक्षा गर्ने महत्वपूर्ण अवशर हो ।

आत्मिक मापन पहिलो तह - प्रार्थनाको तहमा हुनु अत्यावश्यक छ । थप रूपमा, आत्मिक मापन, चौंथो चरणमा- एकसाथ भेला हुने तहमा पनि सहयोगी हुन्छ । यो अवस्थामा, आत्मिक मापनले तपाईंको नयाँ मण्डलीको प्रभावकारीतालाई मुल्याङ्कन गर्न प्रयोग गरिन्छ । आत्मिक मापन छैठौं चरणमा पनि उपयोगी हुन्छ, जुनचाहिँ वृद्धि हुने तह हो, यसले मण्डलीलाई “वृहत तस्विर” - खीष्टको शरीरको वृहत कार्यमा मण्डलीको भूमिकाको बारेमा हेर्न सक्षम बनाउँदछ ।

उ. आत्मिक मापन कहाँ हुनुपर्दछ ?

**सहजकर्ताको तयारी :** सहभागीहरूको निम्ति एउटा उदाहरण प्रस्तुत गर्नुहोस् । लक्षित क्षेत्रको नक्सा पत्ता लगाउनुहोस्, वा नक्सा कोर्नुहोस्, र तपाईंको उदाहरणमा लक्षित क्षेत्र (घेरा) को बारेमा जानकारीहरु राख्नुहोस् ।

महत्वपूर्ण सूचनाहरु जस्तैः मण्डलीहरू कुन स्थानमा अवस्थित छन्, र तिनीहरू कस्ता खालका मण्डलीहरू हुन् साथसाथै त्यस कार्यको निम्ति अन्य महत्वपूर्ण स्थानहरु (नमुनाको लागिः धार्मिक केन्द्रहरू, राजनैतिक केन्द्रहरू, बजारहरू र ऐतिहासिक स्थलहरू आदि) देखाउन नक्सालाई परिमार्जन गर्नुहोस् ।

**आत्मिक मापन विशिष्ट स्थान (छिमेकी, गाउँ, बजार, सहर) वा सामान्य क्षेत्र हो(देश, प्रान्त, राज्य), को गरिन्छ जहाँ तपाईंले मण्डली स्थापना गर्ने चाहना राख्नुहुन्छ । त्यो नक्सा तपाईंको लक्षित स्थान वा लक्षित क्षेत्र हो ।**

## ऊ. आत्मिक मापन कसरी हुनुपर्दछ ?

**भन्नुहोस्,** "तपाईको लक्षित स्थान वा लक्षित क्षेत्र पत्ता लगाउने त्याहाँ विविध तरीकाहरु छन् । तपाईंको कार्यपुस्तिकामा केहिको सूची बनाऔं ।"

१. प्रत्यक्ष अवलोकन
२. अर्न्तवार्ताहरू
३. प्रश्नहरू र सर्बेक्षणहरू
४. तपाईंको लक्षित स्थान वा क्षेत्रको बारेमा सरकारी जानकारी
५. अन्य लिखित साधनहरू (पुस्तकहरू, पत्र-पत्रिकाहरू आदि), तपाईंको लक्षित स्थान वा क्षेत्रको बारेमा श्रब्य-दृश्य समाग्रीहरू

## ए. आत्मिक मापन सुरु गर्नु

**निर्देशनहरूः**

- सहभागीहरूलाई दुई वा तीनजनाको समूहमा तलका प्रश्नहरूको उत्तर दिन लगाउनुहोस ।
- यदि समयले भ्याएमा ती सहभागीहरूले आफ्ना प्रतिक्रियालाई त्यो ठूलो समूहमा बताउन लगाउनुहोस् ।

विशिष्ट - सामान्य - अवलोकन - सुसज्जित- अर्न्तवार्ताहरू - सर्बेक्षणहरू -सरकारी - श्रब्य-दृश्य

१. तपाईंले आफ्नो लक्षित क्षेत्रको बारेमा सिक्ने समय दिँदा कस्ता खालका फाइदाहरू हुन्छन् ?

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

२. तपाईंको मण्डली स्थापनाको कार्यलाई कसरी अनुसन्धानले अझ प्रभावकारी बनाउनेछ ?

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

३. तपाईलाई आफ्नो लक्षित क्षेत्रको बारेमा थाहा पाउनको लागि चाहिने पाँच वा छ प्रकारका जानकारीहरु के के हुन् जसले तपाईको मण्डली स्थापनाको प्रभावकारीतालाई बढाँउछ ?

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

४. तपाईंको विचारमा लक्षित क्षेत्रको बारेमा तपाईंको अनुसन्धानले के कुरा पत्ता लगाउनेछ ? के तपाईंको कटनी क्षेत्रमा भाएका मानिसहरु सुसमाचार सुन्नलाई तयार भएका छन् ? तपाईंले के-कस्ता खालका अवलोकनहरू गर्नुभएको छ जसले तपाईंलाई मानिसहरू खुल्ला छन् वा सुसमाचारलाई विरोध गर्दछ भनेर सुचित गर्दछ ?

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

५. जानकारी कसले बटुल्नुपर्दछ ? के तपाईंले त्यस्ता मानिसहरूलाई चिन्नुहुन्छ, जसलाई तपाईले तालिम दिएपछि राम्रो अनुसन्धान गर्नसक्छन् ?

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

६. कसले जानकारीको सारांश तयार गर्ने र प्रस्तुत गर्नुपर्छ ? जानकारीको सारांश तयार गर्ने र प्रस्तुत गर्ने व्यक्तिहरु लक्षित स्थानमा मानिसहरु प्रति दयाले भरिएर गर्ने क्षमता भएको हुनुपर्छ र परमेश्वरले तिनीहरूको माझमा गर्न चाहनु भएको कामको बारेमा विश्वस्त हुनुपर्छ ।

---

---

---

## नमुना ३ को लागि तयारी :
## आत्मिक मापनद्धारा तपाईंको लक्षित स्थान वा क्षेत्रलाई बुझ्नु (१५ मिनेट)

**सहजकर्ताको निर्देशनहरू:** सहभागीहरुसँग मिलेर मण्डली स्थापकलाई दिईएको निम्न निर्देशनहरु र ६ चरणको अनुसन्धान प्रकृयाको समीक्षा गर्नुहोस् र यो गृहकार्यको बारेमा सहभागीहरुको प्रश्नहरुको उत्तर दिनुहोस् ।

**मण्डली स्थापकलाई निर्देशन:** नमुना ३ मा जानुभन्दा अगाडि, तपाईंको लक्षित स्थान वा क्षेत्रको अनुसन्धानको लागि तल दिइएको ६ चरणको अनुसन्धान प्रकृयालाई पछ्याउनुहोस् । तपाईंले यहाँ दिईएको प्रश्नावलीलाई तपाईंको अनुसन्धानको एक भागको रूपमा प्रयोग गर्न सक्नु हुनेछ ।

यस गृहकार्यको उद्देश्य प्रभावकारी मण्डली स्थापनाको साधनको रूपमा तपाईलाई व्यवहारिक अनुसन्धानद्धारा अनुभव प्रदान गर्नु हो । तपाईंले यी सबै गृहकार्यको सबै कुराहरुलाई पुरा गर्ने प्रयत्न गर्नुपर्ने हुन्छ । तपाईंलाई गृहकार्यमा भएका केही निश्चित क्रियाकलापहरू तुलनात्मक रुपमा अन्य क्रियाकलापहरुभन्दा सजिलो लाग्न सक्छ । चाहे सजिलो वा कठिन होस्, परमेश्वरसँग यो गृहकार्यको प्रत्येक क्रियाकलापद्धारा तपाईंलाई मानिसहरू र तपाई पुग्न खोज्नु भएको क्षेत्रको बारेमा सिकाउनको निम्ति केहि कुराहरु हुनेछन् ।

तपाईं आफैले यस गृहकार्यलाई गर्नुपर्ने छैन । तपाईंले अरूहरूसँग मिलेर काम गर्न सक्नुहुन्छ । वास्तवमा, कि यदि संभव भएमा तपाईंले अरूहरूलाई संलग्न गराउनु हुनको लागि सिफारिस गरिन्छ । तपाईंले अनुसन्धानबाट पत्ता लगाउनु भएका कुराहरु तपाईंको आफ्नो प्रशिक्षक, मेन्टोर र अरूहरूलाई बाँडचुड गर्न तयार हुनुहोस् ।

तपाईंको आफ्नो लक्षित क्षेत्रमा भएका मानिसहरू प्रति सचेतना र दया दिनुभएको होस् भनि परमेश्वरसँग प्रार्थना गर्नुहोस् । तपाईंले यस लक्षित क्षेत्रमा कहाँ र कसरी मण्डली स्थापनाको सेवकाई शुरु गर्ने भन्ने बारेमा असल बिचारको निम्ति यो अनुसन्धान प्रयोग गर्न परमेश्वरसँग माग्नुहोस् ।

# ६ - चरणको अनुसन्धान प्रकृया

**कदम १:** तपाईंको लक्षित क्षेत्रलाई निर्धारण गर्नुहोस्

तपाईंको गाउँ, सहर वा क्षेत्रको नक्सा कोर्नुहोस् वा प्राप्त गर्नुहोस् । तपाईंले सबैभन्दा विस्तृत विवरण भएको नक्सालाई खोज्नुहोस् जसमा सबै जनसंख्या केन्द्रहरू, गल्लीका नाउँहरू र यातायातका मार्गहरू देखाइएका छन् । तपाईंको लक्षित क्षेत्रको वरिपरि गोलो घेरा लगाउनुहोस् । यो तपाईंको सेवकाइको क्षेत्र हो, यो क्षेत्रमा परमेश्वरले तपाईंलाई उहाँको नाउँ प्रचार गरेको र मण्डली स्थापना गरेको चाहनुहुन्छ भन्ने विश्वास राख्नुहोस ।

**कदम २:** कटनीको दलको जानकारी जम्मा गर्नुहोस्

माथि व्याख्या गरिएझैं कटनीको दल भन्नाले तपाईंको लक्षित क्षेत्रमा पहिले नै कार्यमा लागिरहेको परमेश्वरको सबै श्रोतहरु हुन् । निम्न कुराहरूलाई अध्ययन गरेर तपाईंको गोलो घेरामा कस्ता खालका स्रोतहरू उपलब्ध छन् भनेर निर्धारण गर्नुहोस् :

१. अघि नै स्थापन भएका स्थानीय मण्डलीहरू

क. तपाईंको क्षेत्रमा भएका सबै स्थानीय मण्डलीलाई नक्सामा चिन्ह लगाउनुहोस् । तिनीहरू कुन सम्प्रदायका हुन भनेर इङ्गित गर्नुहोस् ।

ख. सम्भव भएमा तिनीहरूको वयस्कहरुको उपस्थितिको सूची बनाउनुहोस् ।

ग. मण्डली स्थापना भएको वर्ष वा पुनःसंचालन गरिएको वर्षलाई इङ्गित गर्नुहोस् ।

घ. हरेक मण्डलीको लक्षित मानिसहरूको समूह निर्धारण गर्नुहोस् । तिनीहरू आफ्नो प्रयासमा कति धेरै सफल भएका छन् ?

ङ. चिन्ह लगाइएका मण्डलीहरूको बीचको अन्तर सम्बन्ध कस्तो छ ? के तिनीहरू एकत्रित छन् वा विभाजित छन् ?

च. के मानिसहरू तिनीहरूको समुदायमा हराएकाहरुको निम्ति प्रार्थना गर्नको लागि भेला हुन्छन् वा मिसनको कार्यमा जाँदछन् ?

२. मिसन र मण्डलीमा आवद्ध समूहहरू

क. तपाईंको लक्षित क्षेत्रमा भएका सबै मिसन र त्यसमा आवद्ध समूहहरूको सूची बनाउनुहोस् ।

ख. प्रत्येकले गर्दै गरेको सेवकाइलाई छोटकरीमा वर्णन गर्नुहोस् (साहित्य, कारागार, युवा आदि)

ग. के तिनीहरू तपाईंसँग र अरूहरूसँग सुसमाचार र मण्डली स्थापनाको प्रयासमा सहकार्य गर्न इच्छुक छन् ?

३. ख्रीष्टियनीहरूको ईतिहास

क. त्यस क्षेत्रमा पहिला ख्रीष्टियन विश्वास कहिले आएको थियो, र यसलाई कसरी ल्याइएको थियो ? के त्याहाँ मानिसहरूलाई जवरदस्ती लादिएको थियो, वा के तिनीहरूले सुसमाचालाई स्वइच्छाले स्वीकार गरे ?

ख. त्यस क्षेत्रमा प्रवेश गरेका हरेक सम्प्रदायको सेवकाइलाई वर्णन गर्नुहोस् ।

ग. तपाईंको लक्षित क्षेत्रमा अन्य कुन मुख्य धर्महरूको प्रभाव रहेका छन् ? आज तपाईंको क्षेत्रमा अन्य कुन धर्म वा झुटा शिक्षाहरू अस्तित्वमा रहेका छन्, र कति धेरैलाई आफूलाई पक्ष्याउने बनाउन सफल छन् ?

लक्षित - क्षेत्र - जानकारी - मण्डलीहरु - समूहहरु - ईतिहास

घ. कसरी यो इतिहासले तपाईको मण्डली स्थापनाको योजनालाई असर पार्दछ ?

**कदम ३:** कटनीको क्षेत्रको बारेमा जानकारी जम्मा गर्नुहोस्
कटनीको क्षेत्र भनेको मानिसहरूको समूह वा साधारण मानिसहरूको समूह हो, जसको वीचमा तपाईंले काम गर्नुहुनेछ, र त्यो स्थान हो जहाँ तपाईंले मण्डली स्थापना गर्नुहुनेछ । तपाईंको लक्षित स्थानको कटनीको क्षेत्रको बारेमा सिक्नलाई यी तलका क्रियाकलापहरूले तपाईंलाई सहायता पुऱ्याउनेछन्:

१. आँकडाको जानकारी
   क. जम्मा जनसंख्या
   ख. जनसंख्या र  कुल जनसख्याको पुरुष, महिला, युवा, केटाकेटीको प्रतिशत ।
   ग. काम गर्ने युवाहरूको संख्या....... व्यवसायको जानकारी र आम्दानी स्तर समावेश गर्नुहोस ।
   घ. अवकाश प्राप्त गरेका बृद्ध मानिसहरू र असक्षम वा अपाङ्ग मानिसहरुको सँख्या ।
   ङ. जातिय अल्पमतमा रहेका मानिसहरूको प्रतिशत र स्थान । तिनीहरूले कुन भाषाहरु बोल्दछन् ?

२. भौगोलिक जानकारी
भौगोलिक चिन्हकर्ताहरूले मण्डली स्थापनाको योजनामा महत्वपूर्ण असर पार्न सक्छन् । तिनीहरूले मानिसहरू कसरी र कहाँ जिउँछन् भनेर भूमिका खेल्न सक्छन्, र अरूहरूलाई पनि सम्बन्धित बनाउँदछन् । उदाहरणको लागि, सहरको छिमेकबाट भएर रेलको लिग गएको छ । त्यस रेलको लिगको एकतर्फ अर्कोतर्फको भन्दा धनी मानिसहरु हुन्छन् । साँच्चिकै मानिसहरूले रेलको लिगलाई पार गदैनन् । त्यसकारण, रेलको लिगले सामाजिक अबरोधको रूपमा कार्य गर्छ, र रेलको लिगको अर्को क्षेत्रमा रहेका मानिसहरूले मण्डलीमा उपस्थित हुने चाहना गर्दैनन् । अर्को उदाहरण यस्तो पनि हुन सक्छ, कि एउटा सहर सुन्दर पहाडहरूले वरिपरि घेरिएको कारण सामान्यतया मानिसहरू शनिवार शहरभन्दा बाहिर जाने गर्दछन्, र  तिनीहरु शनिवारको मण्डलीको आराधना सेवामा सहभागी हुने सम्भावना कम हुन्छ ।

क. के कुराले त्यस क्षेत्रलाई विभाजन गरेको छ (नदीहरू, रेलमार्ग, सडकहरू आदि)? कसरी यी विभाजनहरुले यात्राको ढाँचालाई, सम्बन्धहरु आदिलाई असर पार्दछ ?
ख. के त्यो सहर पहाडै-पहाडले घेरिएको छ ? के त्यहाँ बाहिरी मनोरन्जनको लागि तालहरू, समुद्री किनारहरू, बगैंचाहरू वा अन्य स्थानहरु छन् ?
ग. यदि तपाईंको लक्षित क्षेत्र सहर वा बजार हो भने, तपाईंको नक्सामा औधोगिक र मानव बसोबास गर्ने क्षेत्रहरू पत्ता लगाउनुहोस् । के त्यहाँ विशेष खालका किनमेल गर्ने क्षेत्रहरू छन् ? के मानिसहरू काम गर्ने स्थान नजिकै बस्छन् वा उनीहरूले लामो दूरीको यात्रा गर्नुपर्ने हुन्छ? मानिसहरू कहाँ जम्मा हुन्छन् ? यातायातका मुख्य साधनहरू के-कस्ता छन् भनेर पनि पत्ता लगाउनुहोस् । के धेरैजसो मानिसहरूले कार, बस वा हिँडेर यात्रा गर्दछन् ?

क्षेत्र - आँकडा -  भौगोलिक

घ. मानिसहरू विश्राम गर्न र मनोरन्जन गर्न कहाँ जाने गर्दछन् ? के तिनीहरू सहरमै रहन्छन् वा बगैंचाहरूमा जान्छन् ?

३. सामाजिक र सांस्कृतिक जानकारी

मानिसहरूको दृष्टिकोण र तिनीहरूको खाँचोको बारेमा अध्ययन गरिसकेपछि, हामीले त्यस्ता खालका उपायहरुको लागि जानकारी प्राप्त गर्न सक्छौं, जसद्धारा अर्थपूर्ण तरिकाले येशू ख्रीष्टको प्रेमलाई प्रकट गर्न सकिन्छ । मानिसहरूको बारेमा सिक्ने सबैभन्दा उत्तम उपाय तिनीहरूलाई प्रश्न सोध्नु र तिनीहरूको आचरणको बारेमा अवलोकन गर्नु हो । तपाईंको लक्षित क्षेत्रमा जानुहोस् र कमसेकम १५-२० जना मानिसहरूसँग कुराकानी गर्नुहोस् । तलका कुराहरू कोशिस गर्नुहोस र सिक्नुहोस्:

क. परमेश्वरको बारेमा धारणाहरू : के मानिसहरूले परमेश्वरमा विश्वास गर्छन् ? तिनीहरूले परमेश्वरको बारेमा के कुरामा विश्वास गर्छन्? के तिनीहरूले येशू ख्रीष्टको बारेमा सुनेका छन्? उहाँको बारेमा तिनीहरूले के कुरा जान्दछन् ? के तिनीहरूले स्वर्ग र नर्कको बारेमा विश्वास गर्दछन् ? के तिनीहरूले स्वर्गदूतहरू वा दुष्टहरू वा शैतानलाई विश्वास गर्छन् ? जब तिनीहरू बिरामी हुन्छन्, तब तिनीहरू सहायताको निम्ति कहाँ जान्छन् ? के तिनीहरू भाग्यमा विश्वास गर्छन् ? के तिनीहरूले विश्वास गर्छन् कि आफ्नो भविष्यलाई नियन्त्रण गर्न सकिन्छ वा तिनीहरूका छोराछोरीको निम्ति तिनीहरूको जीवनलाई असल बनाउन सकिन्छ भनेर ? तिनीहरूले पाप के हो भनेर विश्वास गर्छन् ? के तिनीहरू नियमित रूपमा मण्डली जाने गर्छन् ? जान्छन् भने, कति पटक ? यदि होइन भने, किन तिनीहरू मण्डलीमा जाँदैनन् ?

ख. यी क्षेत्रमा भएका मुख्य चाडँवाडहरू र बिदाका दिनहरू कुन-कुन हुन् ? कसरी मानिसहरूले तिनीहरूलाई मनाउने गर्छन् ?

ग. तिनीहरूलाई आफ्ना जीवनको बारेमा सबैभन्दा मनपर्ने कुरा के हो ? कुनचाहिँ एउटा कुरालाई तिनीहरू परिवर्तन गर्न चाहन्छन् ?

घ. तिनीहरूले आफ्नो समुदायमा कुन एक वा दुईवटा कुराहरुलाई मुख्य समाजिक समस्याहरूको रुपमा हेर्छन् ? (उदाहरणको लागि, रक्सी सेवन, अनाथ, पर्याप्त रूपमा औषधिको अभाव हुनु, बुढाबूढीलाई वेवास्ता, आदि) ।

ङ. तिनीहरूलाई मनपर्ने तीनवटा कथाहरू के-के हुन् ? कतिचोटी कथाहरूद्वारा तिनीहरुले पक्रेको आर्दश र मान्यताहरुलाई र तिनीहरुको जीवनमा त्यसको प्रभावलाई पत्ता लगाउन सम्भव हुन्छ ।

च. समुदायमा नाम चलेका अगुवाहरू को-को हुन् ? किन तिनीहरू अगुवाको रूपमा देखिएका छन् ?

छ. कसलाई नायकहरुको रूपमा लिन्छन् ?

ज. मानिसहरुले अरुको विषयमा मान्यता राख्ने पाँचवटा कुराहरुको सूची बनाउनुहोस् ( उदाहरणको लागिः इमान्दारीता, चलाखीपन, उदारता आदि) ।

**कदम ४:** कटनीको क्षेत्र र कटनीको दलको जानकारीको विश्लेषण

यदि हामीले प्रत्येक १००० जना मानिसको निम्ति एउटा मण्डली हुनुपर्छ भन्ने धारणालाई स्वीकार गर्ने हो भने, कति धेरै मण्डलीहरूको खाँचो पर्दछ, ताकि यो लक्षित क्षेत्रमा भएका हरेक मानिस, महिला र बालकले सुसमाचारको सन्देशलाई हेर्न, सुन्न र संस्कृति सुहाँउदो तवरले बुझ्न सक्छन् । एकचोटी तपाईंले यी सबै तपाईंका जानकारीलाई संकलन गरिसकेपछि,, तपाईंको सारांशलाई लेखेपछि र तपाईंको नक्सामा टिपोट गरेपछि, जानकारीको बारेमा पून अवलोकन गर्न, सोच्न, र प्रार्थना गर्न समय लिनुहोस् । तपाईको लक्षित क्षेत्रमा रहेका मानिसहरू प्रति उहाँको दया तपाईंलाई दिनुभएको होस् भनि परमेश्वरसँग प्रार्थना गर्नुहोस् । यी मानिसहरूको माझमा परमेश्वरको प्रेम बताउनको लागि तपाईंलाई सृजनात्मक विचारहरु दिनुहोस् भनी परमेश्वरमा माग्नुहोस् । यो प्रकृयालाई एक भागको रुपमा यी तलका प्रश्नहरूको उत्तर दिएर तपाईंको जानकारीलाई विश्लेषण गर्नुहोस् ।

क. तपाईंको लक्षित क्षेत्रमा महान आज्ञालाई पूरा गर्न कतिवटा मण्डलीहरूको खाँचो पर्दछ ? कतिवटा मण्डलीहरूको खाँचो पर्दछ ताकि हरेक पुरुष, महिला र बालकले सुसमाचारको सन्देशलाई आफ्नो संस्कृति सुहाँउदो तवरले बुझ्न, सुन्न र देख्नलाई सक्षम हुनेछन् ? परमेश्वरले तपाईलाई उहाँले चाहनु भएको काम गर्न अगुवाई गर्नुभएको होस् भनि उहाँमा प्रार्थना गर्न र माग्न शुरु गर्नुहोस् ।

ख. आफ्नो अंशलाई निर्धारण गर्नुहोस् : यी मण्डलीहरुमध्ये तपाईलाई सेवकाई गर्नको लागि परमेश्वरले तपाईंलाई कतिवटा मण्डलीहरू दिनुहुनेछ भनि विश्वास गर्न चाहनुहुन्छ ।

ग. तपाईंले सुरु गर्ने स्थानको छनोट गर्नुहोस् : तपाईंले कहाँबाट सुरु गर्नुहुनेछ ? सुसमाचारप्रति सम्भव त धेरै प्रतिक्रिया जनाउने मानिसहरु कहाँ छन् ? पावलले प्रायजसो पहिले सभाघरमा मानिसहरू सुसमाचारको लागि धेरै खुल्ला भएको पाए । तब उनले त्यहाँबाट सम्बन्धको संजालद्वारा कामको थालनी गरे ।

घ. तपाईंको तरिकाहरूको छनोट गर्नुहोस् : तपाईंको समुदायमा भएका मानिसहरूको सबैभन्दा ठूला एक वा दुईवटा खाँचोहरू के कस्ता थियो ? मानिसहरूको खाँचोलाई पूरा गर्न तपाईंले कस्ता खालका तरिकाहरू प्रयोग गर्नुहुनेछ ? त्यस क्षेत्रमा भएका अन्य मण्डलीहरूले कस्ता खालका तरिकाहरूद्धारा असल परिणाम ल्याइरहेका छन् ? ती तरिकाहरु अपनाउन तपाईसँग के कस्ता श्रोतहरु उपलब्ध छन् ? तपाईसँग कस्तो वरदान छन् र तपाई के कुरा गर्न सक्नुहुन्छ ?

ङ. तपाईंको स्रोतहरूको निर्धारण गर्नु : तपाईंको जस्तै दर्शन भएका को हुनुहुन्छ ? के त्यहाँ तपाईंले यस दर्शनलाई बाँडचुड गर्न सकिने र पूरा भएको लक्ष्यमा सहकार्य गर्न सकिने कोहि छन् ? कस्तो खालको परिश्रम, आर्थिक स्रोत, र वरदानहरू पाएका व्यक्तिहरू तपाईको लागि उपलब्ध छन् ? के त्यस क्षेत्रमा भएका मण्डलीहरूमा सुसमाचार प्रचार गर्ने र मण्डली स्थापना गर्ने चाहना छ ? के तिनीहरू तपाईं सँगसँगै कार्य गर्न र तपाईको प्रयासमा तपाईसँग छन् ? के तिनीहरू सुसमाचार र मण्डली स्थापना कार्य र तिनीहरुको समुदायमा रहेका मानिसहरुको जीवनमा परमेश्वर परिचित गराउन प्रार्थना गर्न खुल्ला छन् ?

च. के मानिसहरूले येशूको बारेमा थाहा पाएका छन् वा उहाँमा विश्वास गर्छन् ? तपाईंले सुसमाचारको सन्देश बताउनुहुँदा कुन सन्देशबाट शुरु गर्नुपर्ने हुन्छ ? उदाहरणको लागि (के तपाईंले येशू ख्रीष्टबाटै सुरु गर्न सक्नुहुन्छ वा के तपाईंले सर्बोच्च सृष्टिकर्ता परमेश्वर को अस्तित्व देखि सुरु गर्नुपर्ने हुन्छ ?)

**कदम ५:** अनुसन्धान(आत्मिक मापन) को प्रकृयाबाट सिकिएको पाठहरु : यो अनुसन्धान ( आत्मिक मापन)को काम गर्दा तपाईंको अनुभवको बारेमा छलफल गर्नुहोस् । यो अनुसन्धानले तपाईंको आफ्नै बारेमा र मण्डली स्थापना काममा सँलग्न हुने इच्छाको विषयमा परमेश्वरले के कुरा सिकाउनुभयो ? तपाईंले त्यो अनुसन्धान गर्दाखेरि कस्तो खालको संघर्षहरु गर्नु परेको थियो ? तपाईंले तिनीहरूमाथि कसरी विजय हासिल गर्नुभयो ? अनुसन्धानको बारेमा के कुरा सजिलो थियो ? यदि तपाईंले यो अनुसन्धानलाई फेरी गर्नुपऱ्यो भने तपाईंले के कुरालाई फरक तरिकाले गर्नुहुन्थ्यो ?

**कदम ६:** आत्मिक मापनको नतिजालाई बाँडचुड गर्नु :
अर्को तालिममा, तपाईंको अनुसन्धानको नतिजाको प्रतिवेदन दिनलाई तयार हुनुहोस्, तपाईंको प्रतिवेदन अन्दाजी १०-१५ मिनेटसम्मको हुनुपर्नेछ, र त्यसमा तलका जानकारीहरू समावेश भएको हुनुपर्नेछ :

**१. भाग एक - आधारभूत जानकारीलाई जम्मा गरिएको (५-७ मिनेट)**
तपाईंको लक्षित क्षेत्रको बारेमा वर्णन गर्नुहोस् ।

- कसरी तपाईंले त्यो जानकारीलाई संकलन गर्नुभयो (सर्बेक्षण, अनौपचारिक अन्तर्वार्ताहरू, अवलोकन वा मापन, पुस्तकालयद्धारा अनुसन्धान आदि) ?
- तपाईले के कस्ता महत्वपुर्ण समस्याहरु वा कठिनाइहरू सामना गर्नु भयो र तिनीहरूलाई कसरी समाधान गर्नुभयो भन्ने बारेमा छलफल गर्नुहोस् । अर्को पटक तपाईंले कसरी अनुसन्धानलाई फरक तरिकाले गर्नुहुनेछ ?

**२. भाग दुई - अनुसन्धान (आत्मिक मापन)को जानकारीको विश्लेषण गर्नु, (५-८ मिनेट)**
प्रस्तुतीकरणको बाँकी भाग तपाईको अनुसन्धानबाट निस्केको परिणाममा केन्द्रित हुनुपर्नेछ । प्रस्तुतीकरणले तलका मुख्य प्रश्नहरुको उत्तर दिनुपर्छ :

- तपाईंले आफ्नो लक्षित क्षेत्र र त्यहाँ बसोबास गर्ने मानिसहरूको बारेमा सबैभन्दा चाखलाग्दो जानकारी के थाहा गर्नुभयो ?
- के त्यहाँ भएको कुनै जानकारीले तपाईंलाई आश्चर्यचकित पारेको थियो ?
- तपाईंको लक्षित क्षेत्रमा मण्डली स्थापनाको निम्ति तपाईंलाई योजना निर्धारण गर्न सहायता पुग्ने मुख्य कुराहरु के सिक्नुभयो ?
- मण्डली स्थापनाको लागि तपाईंलाई अगाडि नै कटनीको क्षेत्रको बारे थाहा भएको महत्वपूर्ण तथ्य कुन थियो ?

- मण्डली स्थापना कार्यको निम्ति तपाईंको कटनीको क्षेत्रको बारेमा तपाईंलाई अगाडि नै थाहा नभएको कुरा के पत्ता लगाउनुभयो ?
- तपाईंले सुसमाचारको निम्ति खुल्ला ढोकाको रूपमा के कस्ता मौकाहरु पत्ता लगाउनुभयो ? के कस्ता बाधाहरु तपाईंले पत्ता लगाउनुभयो र तिनीहरूमाथि कसरी विजय प्राप्त गर्न सकिनेछ ?
- तपाईको लक्षित क्षेत्रमा बृहत सुसमाचारको विकास गर्न र मण्डली स्थापना गर्ने योजनाको लागि तपाईले गर्नुपर्ने थप अनुसन्धानहरु के के हुन् ?

**नमुना प्रश्नावलीहरु**

तल दुईवटा नमुना प्रश्नावलीहरू दिइएका छन् :

१) त्यो लक्षित क्षेत्रमा भएका हरेक मण्डलीको सर्वेक्षण गर्नु, र २) लक्षित क्षेत्रमा गरिने अनुसन्धानको निम्ति प्रश्नावली । यिनीहरू केवल उदाहरणहरूमात्रै हुन्, र तपाईंको आफ्नै उद्देश्यको निम्ति परिमार्जन गर्न सक्नुहुन्छ ।

# स्थानीय मण्डली सर्वेक्षण

## क. विवरण

मण्डलीको नाउँ

______________________________________________

सम्प्रदाय (परम्परा)

______________________________________________

मण्डलीको ठेगाना/स्थान

______________________________________________

मण्डली कहाँ भेट्ने गर्दछन्: आफ्नै मण्डली......................भाडामा ..................
स्थापना मिति.................................दर्ता मिति........................................
मण्डलीको पाष्टर वा अगुवाको नाउँ..........................................................
उमेर.....................
के पाष्टर वा अगुवा अन्य कुनै व्यवसाय गर्छ ? गर्छ................गर्दैन..................
मण्डलीमा बोलिने मुख्य भाषा...................................................................
अन्य कुनै ? ............................................................................................
हाल उपस्थित सदस्यहरूको संख्या.............................................................
मण्डलीमा उपस्थित हुने औषत सदस्य संख्या................................................

## ख.मानिसहरू

यी तलका समूहहरूमा मिल्ने मानिसहरूको संख्यालाई भर्ने कोसिस गर्नुहोस्:

| | उपस्थितहरू | | विश्वासीहरू | | सदस्यहरू | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| उमेर ०-१० | | | | | | |
| ११-१७ | | | | | | |
| १८-२४ | | | | | | |
| २५-३० | | | | | | |
| ३१-५५ | | | | | | |
| ५५+ | | | | | | |

*मण्डलीको मान्यताहरू:*

सबै उपस्थित हुनेहरू विश्वासीहरू वा सदस्यहरू होइनन् ।
मण्डलीमा उपस्थित हुनेहरूको संख्या विश्वासीहरू र सदस्यहरूको संख्या भन्दा बढी हुनुपर्छ ।
एकजना व्यक्ति मण्डलीमा उपस्थित हुन र विश्वासी हुन सक्छ, तर सदस्य हुनैपर्छ भन्ने छैन ।
विश्वासीहरूको संख्या उपस्थित हुने संख्याभन्दा कम तर सदस्यहरूको संख्याभन्दा बढी नै हुनुपर्छ ।

बप्तिस्मा भएकाहरूको संख्या: २०१४......१५......१६......१७.....१८.......१९......२०२०......

मण्डलीमा उपस्थित हुने परिवारहरूको संख्या (पति/पत्नी):......................................

## ग. कार्यक्रमहरू

मण्डलीले उपलब्ध गराएका क्रियाकलापहरूको जाँच गर्नुहोस्, र तिनीहरूसँग सहभागी हुने मानिसको संख्यालाई लेख्नुहोस् ।

| क्रियाकलाप | मण्डलीले प्रदान गरेको भएमा वाकसमा चिन्ह लगाउनुहोस् | सहभागीहरूको संख्या |
|---|---|---|
| बाल स्कूल(उमेर समूह अनुसार) | | |
| आराधना | | |
| युवा समूह | | |
| बालबालिकाको समूह | | |
| दिदी बहिनीहरूको समूह | | |
| दाजुभाईहरुको समूह | | |
| मिसन | | |
| सुसमाचार | | |
| चेलापन तालिम | | |
| घरेलु वाइवल अध्ययन समूह | | |
| नयाँ विश्वासीको तालिम | | |
| अगुवापन तालिम | | |
| शिक्षक तालिम | | |
| प्रार्थना सेवा | | |
| संगित झुण्ड | | |
| सैनिक सेवकाई | | |
| नयाँ मण्डली सेवकाई | | |
| साहित्यको सेवकाई | | |
| टि.भि./रेडियो सेवकाई | | |
| कारागार सेवकाई | | |
| लागुपदार्थ/मधपान सेवकाई | | |
| अस्पताल सेवकाई | | |
| अपाङ्ग सेवकाई | | |
| बृद्धबृद्धाको वास्ता सेवकाइ | | |
| प्रार्थना सेवकाई | | |

## घ. योजना

१. के त्यहाँ यस वर्षको निम्ति कुनै विशेष सेवकाइको योजना छ ?
छ.....................छैन..................................

यी योजनाहरू के के हुन्?

______________________________________________

______________________________________________

२. अर्को वर्ष देखि सुरु हुने योजना छ ?
छ.....................छैन..................................

यी योजनाहरू के के हुन् ?

______________________________________________

______________________________________________

३. के त्यहाँ मण्डलीको निम्ति योजना तर्जुमा गर्ने अगुवाको समूह छ ?
छ...................छैन.....................

४. के मण्डलीको उद्देश्यको कथन छ् ?
छ.....................छैन.................

५. के मण्डलीको आर्थिक योजना छ ?
...छ.................छैन.................

६. के विश्वासीहरूको निम्ति आत्मिक वृद्धि गर्ने योजना मण्डलीले राखेको छ ?
छ................छैन......................

७. के मण्डलीले अन्य मण्डलीहरूसँग सहकार्य गर्छ ?
गर्छ....................गर्दैन.................

८. के मण्डलीले अन्य सम्प्रदायहरूसँग सहकार्य गर्छ ?
गर्छ....................गर्दैन.................

## लक्षित क्षेत्र वा "घेरा" को सर्बेक्षण

### क. को ?

१. के यस मण्डलीको "प्रभावको घेरा" भित्र कुनै विशेष मानिसहरूकोसमुह छ ?

________________________________________________

________________________________________________

२. के त्यस "प्रभावको घेरा" मा पहिले देखि नै हावी भएको कुनै एउटा विशेष समाज वा जाति छ ?

छ.................छैन.......................

यदि "छ" भने कुनचाहिँ हो ?

________________________________________________

________________________________________________

### ख. के ?

१. मण्डलीको वरिपरि रहेको लक्षित क्षेत्रको विशिष्ट विशेषताहरू के कस्ता छन् ?

________________________________________________

________________________________________________

२. "घेरा" भित्र रहेका मानिसहरुले के कस्ता खालका विशेष चाँडहरू, स्थानीय बिदाहरू र उत्सवहरूलाई अभ्यास गर्दछन् ?

________________________________________________

________________________________________________

३. त्यो "समुह" भित्र रहेका मानिसहरूको अत्याधिक खाँचोहरु के के हुन् ?

आर्थिक.....................आत्मिक..................नैतिक.........................
सामाजिक..................शैक्षिक..................सांस्कृतिक.....................
पारिवारिक...................धार्मिक......................

४. "घेरा" भित्र कस्ता धार्मिक समुहहरु उपस्थित छन र त्यस घेरा भित्र प्रत्येक समुहको कति वटा मण्डलीहरु छन् ?

परम्परावादी................व्याप्टिष्ट...................पेन्तिकोष्टल.................
रोमन क्याथोलिक..............लुथरन........................
अन्य प्रोटेष्टेन्ट....................असम्प्रदायिक.....................
मुश्लिम....................विदेशी मिसनका समूहहरू........................... .
(कृपया यिनीहरू कस्ता समूहहरू हुन सक्छने लेख्नुहोस्) ।

________________________________________________

५. के मण्डलीले मानिसहरूको खाँचोलाई सम्बोधन गर्ने कोसिस गरिरहेको छ ?
छ................छैन...............

यदि छ भने, मण्डलीले "घेरा" भित्रकाहरुको खाँचोलाई पूरा गर्न कस्तो खालको सेवाकार्यलाई गरिरहेको छ ?

___

___

६. के मण्डलीको उद्देश्यको कथनले तिनीहरूको आफ्नो समुहको आवश्यक्तालाई सम्वोधन गर्ने चाहनालाई सुचित गर्दछ ?
गर्छ.....................गर्दैन...................

७. के मण्डलीको सेवकाइको योजनाले "घेरा"मा रहेका मानिसहरूको सबै आवश्यक्तालाई पुरा गर्ने कुरालाई विचार गरिएको छ भनि देखाउँदछ ?
देखाउँछ................देखाउदैन.....................

## ग. कसरी ?

१. के त्यो मण्डलीसँग "घेरा"मा भएका मानिसहरू प्रति आफ्नोपनको भावना छ ?
छ.................छैन................

यदि "छ" भने कसरी ?

___

___

यदि "छैन" भने, यी मानिसहरू प्रति आफ्नोपन भावनाको शुरुवात गर्न मण्डलीले के कुरा गर्न सक्छ ?

___

___

२ के मण्डलीको क्रियाकलापहरू "घेरा" भित्रका मानिसहरुलाई सुसमाचार पुऱ्याउने गरि योजना गरिएका छन् ?
छन्................छैनन्.............

३. यस मण्डलीको सम्बन्ध "घेरा" भित्र रहेका अन्य सुसमाचारीय प्रोटेष्टेन्ट मण्डलीहरुसँग कस्तो छ ?
सबैसँग राम्रो सम्बन्ध छ.....................................................
केहीसँग राम्रो सम्बन्ध छ, तर बाँकीसँग राम्रो सम्बन्ध छैन............
कुनैसँग पनि राम्रो सम्बन्ध छैन...............................................

## घ. श्रोत साधनहरू

१. मण्डलीको "घेरा" भित्र कस्ता खालका स्रोत-साधनहरू उपलब्ध छन् ?
(उपलब्ध श्रोतहरुमा चिन्ह लगाउनुहोस्)

टिभि/रेडियो................साहित्य.....................प्रकाशन घरहरू...........................
"सहायता गर्ने" सेवकाईहरूलाई औपचारिक अनुमति................सेवकाइमा सहकार्य गर्न
अन्य सुसमाचारिय प्रोटेष्टेन्ट समूहहरू (अन्य स्थानीय मण्डलीहरू)............................
बैदेशिक मिसन संकाय वा संस्थाहरु............क्लबहरू...............केन्द्रहरू...................
सँगठनहरु...............शैक्षिक संस्थाहरु........................

२. हाल मण्डलीले बिशेष सेवकाई परियोजनामा कुन समुहहरुसँग सहकार्य गरिरहेको छ ?

___________________________________________

___________________________________________

३. के मण्डलीले खीष्टको लागि "घेरा" भित्र रहेका नबाचेकाहरुको माझमा सुसमाचार पुऱ्याउनको लागि आफ्नो "घेरा" भित्र रहेका अन्य मण्डलीहरुसँग मिलेर प्रयासहरु गरेको छ ?

छ.................छैन....................

४. खीष्टको निम्ति त्यो "गोलो घेरा" भित्र रहेका हरेक मानिसहरुकहाँ पुग्नको लागि के मण्डलीको नेतृत्वले अन्य मण्डलीहरू र सम्प्रदायहरूसँग कार्य गर्नलाई इच्छुक हुनेछ ?

हुनेछ.................हुनेछैन....................

यदि "हुनेछ" भने, तिनीहरूले खीष्ट-केन्द्रित मिसनलाई पूरा गर्ने बारेमा कुराकानी गर्नको लागि कहिले त्यो "गोलो घेराको स्रोतहरू" लाई संकलन गर्ने कोसिस गर्ने छन् ?

___________________________________________

___________________________________________

यदि "हुनेछैन" भने, किन हुनेछैन ?

___________________________________________

___________________________________________

# सेसन २

# यही नै काम येशूले मेरो निम्ति गर्नुभयो !

## तपाईंको व्यक्तिगत गवाही बनाउने र बताउने । (६० मिनेट)

**सहजकर्ताका निर्देशनहरू:** गवाहीको स्वभाव र मुल्यको बारेमा छलफल गर्नको लागि ठूलो समूहलाई अगुवाइ गर्नुहोस् ! विभिन्न सहभागीहरूलाई बाइबलको खण्डको प्रत्येक शिर्षक दिएर उच्च स्वरमा पढ्न लगाउनुहोस् । तपाईंको छलफलको निम्ति यी बाइबलका पदहरूलाई आधार भएको होस् । यस छलफलको निम्ति १० मिनेटको समय दिनुहोस् ।

### गवाहीको प्रकृति

क. हामीलाई साक्षी बन्नको निम्ति बोलाइएको छ (प्रेरित १:८)
ख. हामीलाई गवाही दिन बोलाइएको छ (प्रेरित १०:४२)

### गवाहीको महत्व

क. सुसमाचारको विरोध मा विजयी हुन (व्यक्तिगत गवाही, प्रेरित २६:१२-१८)
ख. आत्मिक लडाइँमा शैतान माथि विजयी हुन (प्रकाश १२:१०-१२)

### सहजकर्ताको लागि निर्देशनहरू:

- सहभागीहरूलाई व्यक्तिगत गवाहीका मुख्य तत्वहरूलाई बताउनुहोस् ।
- तीनजनाको समूहमा विभाजित गर्नुहोस् र ती हरेक समूहलाई तल दिईएको वाइवलका नमुनाका गवाहीहरूलाई पढ्नु लगाउनुहोस् । तिनीहरुलाई यी बाइबलीय गवाहीहरूमा भएका मुख्य तत्वहरूलाई पहिचान गर्न लगाउनुहोस् ।
- यस क्रियाकलापको निम्ति १० मिनेटको समय प्रदान गर्नुहोस् ।

### गवाहीको तयारीः मुख्य तत्वहरू

१. तपाईंले खीष्टलाई भेट्नुभन्दा अगाडि तपाईको जीवन कस्तो थियो ?
२. कसरी तपाईंले खीष्टलाई चिन्नुभयो ?
३. खीष्टलाई चिनेर तपाईंको जीवन कसरी परिवर्तन भयो ?

### गवाहीहरूका बाइबलीय उदाहरणहरू

- जन्मदैको अन्धो मानिस (यूहन्ना ९:१३-३४)
- राजा अग्रिपाको अगाडि पावलको गवाही (प्रेरित २६:१-३१)

साक्षी- गवाही- विरोध - शैतान - अगाडि - कसरी - परिवर्तन

**सहजकर्ताको लागि निर्देशनहरूः**

- सहभागीसँग व्यक्तिगत गवाहीलाई तयार पर्नको लागि तल दिइएको निर्देशनहरुलाई समीक्षा गर्नुहोस्
- सहभागीहरूलाई तल दिइएको निर्देशनअनुसार तिनीहरूको गवाहीलाई तयार पार्न १५ मिनेटको समय प्रदान गर्नुहोस् ।
- सहभागीहरूलाई यो कुरा निश्चित गरिदिनुहोस् कि यसको प्रमुख उद्देश्य तिनीहरूको गवाहीको पहिलो खाकालाई तयार गर्नु हो । तिनीहरूले मण्डली स्थापनाको परिवेशमा यसलाई प्रयोग गर्नुभन्दा अगाडि परिमार्जित गर्ने मौका पाउनेछन् ।
- यस सेसनको बाँकी रहेको १५ मिनेटको समयमा कक्षामा रहेका मानिसहरूलाई ३ जनाको समूहमा विभाजित गर्नुहोस् । तिनीहरूको समूहमा रहेका हरेक व्यक्तिलाई ५ मिनेट वा सोभन्दा कम समयमा आफनो गवाही बताउन लगाउनुहोस् ।

तल दिइएको खाली ठाउँमा व्यक्तिगत गवाहीको मुख्य तत्वहरुको रुपरेखा प्रयोग गरि तपाईंको व्यक्तिगत गवाहीलाई लेख्नुहोस् । तपाईंको गवाहीमा यी कुराहरु छन् भनि निश्चित बन्नुहोस् १) हरेक तीनवटा तत्वहरूको प्रयोग, २) सजिलैसँग बुझ्न सकिने, ३) सुसमाचार केन्द्रित (येशूले मेरो निम्ति के गर्नुभयो, र तपाईंको निम्ति के गर्न सक्नुहुन्छ ?), र ४) संक्षिप्त हुनुपर्छ - तपाईंको गवाही कसैलाई बताउनको निम्ति पाँच मिनेट वा सोभन्दा कम समय लिने हुनुपर्छ ।

## येशूले मेरो निम्ति के गर्नुभयोः मेरो व्यक्तिगत गवाही

मैले येशूलाई चिन्नुभन्दा अगाडिको मेरो जीवन कस्तो थियो ?

________________________________________

________________________________________

मैले कसरी येशूलाई चिन्न पुगें ?

________________________________________

________________________________________

मैले येशूलाई चिनेपछि मेरो जीवन कसरी परिवर्तन भएको छ ?

________________________________________

________________________________________

**नमुना ३ को लागि तयारी:**
**तपाईंको गवाही पाँच जना अविश्वासीहरूलाई बताउनुहोस् ।**
**अर्को तालिम भन्दा अगाडि, यी तलका कार्यगत कदमहरूलाई पूरा गर्नुहोस् ।**

- तपाईको गवाहीलाई निरन्तर परिष्कृत(सुधारको लागि परिमार्जन) गर्नुहोस् ताकि "तपाईंको व्यक्तिगत गवाहीलाई तयार पार्न र बताउन" सम्बन्धी निर्देशनहरु तपाईको गवाहीमा असल रुपमा झल्किएको होस् ।
- तपाईं आफ्नो गवाही कसैलाई बताउनको लागि तयार नभएसम्म एक्लै भएको समयमा ठूलो स्वरले वाचन गर्नुहोस् ।
- तपाईंले आफ्नो गवाहीलाई आउने चार हप्ताभित्र (सायद अगाडि नै चेतावनी नदिइकनै) बताउनको निम्ति परमेश्वरसँग "अलौकिक हस्तक्षेप" माग्नुहोस् ।
- आफ्नो गवाही कम्तीमा अरु तीनजना ईसाहीहरुलाई बताउनुहोस जसले तपाईको प्रस्तुतीमा तपाई कत्तिको स्पष्ट हुनुहुन्छ भन्ने हेर्नेछ ।
- तपाईंले अर्को हप्ता सम्ममा तपाईंको गवाही अन्य पाँचजना अविश्वासीहरूलाई वा तपाईंको सम्पर्कमा रहेका मानिसहरूलाई बताउनुहोस् । अर्को तालिम सुरु हुनुभन्दा अगाडि, तपाईंको लक्षित क्षेत्रमा भएको नयाँ मण्डलीको निम्ति अन्य पाँचजना अतिरिक्त अविश्वासीहरूलाई तपाईंको गवाही बताउनुहोस् ।
- तपाईंले अन्य मानिसहरूलाई भेटघाट गर्दा विश्वासीलाई तपाईंको मेन्टी( परामर्शदाता)को रूपमा साथमै लिएर जानुहोस् ।
- तपाईंको गवाही अर्को तालिममा वा यो सेमिनारको समयमा फेरि बताउनलाई तयार हुनुहोस् ।

# सेसन ३

# साना समूहहरूलाई अगुवाइ गर्नु (६० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरू :** जसै तपाईंले तल दिइएको तीनवटा नेतृत्वतहको सम्पूर्ण अवधारणालाई बताउनु हुन्छ सहभागीहरुलाई उनीहरुको कार्य पुस्तिकामा प्रदान गरिएका खाली ठाउँ भर्न लगाउनुहोस् । हरेक अवधारणाको निम्ति संक्षिप्त रुपमा हरेक अवधारणासंगै दिईएको प्रश्नहरू प्रयोग गरी ठूलो समूहमा छोटो छलफल गर्न लगाउनुहोस् ।

## समग्र नेतृत्वपनको अवधारणाहरु (२० मिनेट)

१. खीष्टियन जीवनको नमुना

- नयाँ करारमा नेतृत्वको नमुनाको भूमिका के थियो ?
  १ थेसलोनिकी १:६-७; १ कोरिन्थी ११:१

२. नयाँ अगुवाहरूको निर्माण

- सानो समूहको निम्ति सिकारु अगुवा के हो ?
- सानो समूहको अगुवाले सिकारु अगुवालाई छनौट गर्दा कस्ता खालका गुणहरूलाई हेर्नुपर्छ ?
- के सानो समूहको अगुवाले केवल सिकारु अगुवा (सानो समूहलाई अगुवाइ गर्नको लागि तालिम दिईरहेको व्यक्ति)लाई मात्र नभई के सानो समूहका सबै सदस्यहरूलाई क्रियाकलापहरू र जिम्मेवारीहरु दिनुपर्छ ? किन दिनुपर्छ वा किन दिनुपर्दैन ?
- सानो समूहको अगुवाले सिकारु अगुवालाई छान्नको लागि समूह सुरु भईसकेपछि कति समय पर्खनुपर्छ ?
- सिकारु अगुवालाई उनको आफ्नो समूहलाई अगुवाई गर्न तयार गर्नको लागि सानो समूहको अगुवाले कस्ता खालका क्रियाकलापहरू उसँग मिलेर गर्न सक्छन् ?

३. सेवकाइको निम्ति सुसज्जित गर्नु र स्वतन्त्र गर्नु ।

- सानो समूहले सानो समूहभित्र नै अगुवापनको निम्ति मौकाहरू प्रदान गरेर अगुवाहरूलाई सुसज्जित पार्नको लागि मद्दत गर्दछन् । सानो समूहमा वहन गरिएका जिम्मेवारीहरूबाट नयाँ अगुवाले कस्ता किसिमका कुराहरूलाई सिक्न सक्छन् ? उदाहरण दिनुहोस् ।

नमुना - निर्माण - विरोध - सुसज्जित गर्नु - स्वतन्त्र गर्नु

## सानो समूहको भेटघाटलाई अगुवाइ गर्नुहोस् (५ मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरू:** लेक्चरको ढाँचालाई प्रयोग गरेर, तपाईंले तलका जानकारीहरूलाई बताउँदै गर्दा सहभागीहरुलाई तिनीहरूको कार्यपुस्तिकामा तल दिइएका खाली ठाउँहरु भर्न लगाउनुहोस् । यो सेसनको अन्तमा प्रदान गरिएको स्रोतहरूको बारेमा जानकारी दिनुहोस्: १) सानो समूहलाई पहिचान गराउनेहरु, २) समूह छलफललाई सुरु गर्नेहरू, र ३) सानो समूहका क्रियाकलापका नमुनाहरू ।

**भन्नुहोस्,** "एउटा विशेष खालको सानो समूहको भेटघाटमा विविध खालका तत्वहरू रहन्छन्, जुन हरेक भेटघाटमा उही क्रममा आउने गर्दछ । अब म तपाईंसँग एउटा विशेष सानो समूहको भेटघाटको तत्वहरुको बारेमा बताउन गइरहेको छु, र म ती तत्वहरुलाई तिनीहरूको क्रम अनुसार बताउनेछु"।

१. समूहका सदस्यहरूको बीचमा संगति र बाँडचुड ।
२. प्रार्थना, गीत, र प्रशंसाद्वारा परमेश्वरको आराधना ।
३. बाइबल अध्ययन र छलफल ।
४.सेवकाइको दर्शन देखाउनु, जहाँ सदस्यहरूले व्यक्ति र समूहको क्रियाकलापको बारेमा छलफल गरी मित्रहरू, छर-छिमेकी र सम्भव तः ठूलो समूहलाई सुसमाचार सुनाउन खोज्छन् । तिनीहरुले निर्दिष्ट व्यक्तिको (जसलाई अझसम्म पनि त्यो समूहमा आमन्त्रित गरिएको छैन) निम्ति प्रार्थनाको समयलाई पनि समावेश गर्न सक्छन् ।

### सानो समूहको प्रशासन (१० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरू :** ठूलो समूहलाई सानो समूह अगुवाइको प्रशासनिक पक्षहरु सम्वन्धि तलका प्रश्नहरूमा छलफल गर्न अगुवाइ गर्नुहोस् ।

- किन सानो समूहको अगुवाले त्यो समूहको निम्ति सामान्य र प्रत्येक भेटघाटको निम्ति योजना विकास गर्ने चिन्ता हुन्छ ? किन उनले त्यो समूहलाई समूहले चाहना गरेको जुनसुकै दिशामा स्वभाविक रुपमा जान दिनुहुँदैन ?

- हरेक सानो समूहको भेटघाटमा तलका आवश्यक कुराहरूको पूर्ति हुनको लागि कस्तो खालको तयारीको खाँचो पर्दछ ?
  क. स्थान
  ख. संगति
  ग. आराधना
  घ. प्रार्थना
  ङ. वाइवल छलफल
  च. चेलापन
  छ. सुसमाचार

- किन हरेक नयाँ सदस्यलाई चेलापन गर्ने आत्मिक "अभिभावक" नियूक्त गर्नु महत्वपूर्ण हुन्छ ?

संगति - आराधना - वाइवल अध्ययन - सेवकाईको दर्शन देखाउनु

## सानो समूहको क्रियाकलाप (२५ मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरू:** सहभागीहरूलाई ५-७ जना मानिसहरूको समूहमा विभाजित गर्नुहोस् । समूहको कुनै एकजना सदस्यलाई साना समूहको अगुवाको भूमिका निर्वाह गर्नलाई भन्नुहोस् । अर्को व्यक्तिले सिकारुको भूमिका खेल्दछन् । बाँकी रहेकाले सानो समूहको सदस्यहरूको भूमिका खेल्दछन् । तल दिइएको निर्देशनलाई कक्षाको निम्ति पढ्नुहोस् । तलको गृहकार्य सम्वन्धि सहभागीको प्रश्नहरूको उत्तर दिनुहोस् ।

**निर्देशनहरू:**

१. सानो समूहलाई सानो समूहको निमित्त तल दिईएको परिचयको लागि पहिले “म बाजी गर्छु तिमीलाई यो थाहा छैन् ” भन्ने खेललाई प्रयोग गर्नुहोस् ।

२. त्यसपछि सानो समूहको अगुवा र सिकारु अगुवाले तल दिइएको समूह छलफलको सूचीबाट एउटा प्रश्नलाई छान्नेछन् (तपाईंले “तपाईंको जीवनमा सबैभन्दा खुशीको क्षण कुनचाहिँ थियो ?” भन्ने प्रश्न प्रयोग गर्न सक्नुहुन्छ)।

३. चिनापर्ची र समूहिक छलफल गरिसकेपछि, सानो समूहका सदस्यहरु एक-अर्काको लागि प्रार्थना गर्ने कार्यमा संलग्न हुनुपर्छ ।

४. सानो समूहले सानो समूहको भेटघाटको बारेमा छलफल गर्ने र मुल्याङ्कन गर्ने गर्नुपर्छ । यदि कक्षा सानो (कम सदस्यहरु) छ भने, तपाईंले एउटै मात्र समूह बनाएर गर्न सक्नुहुन्छ ।

### सानो समूहको लागि परिचयात्मक खेलहरु (आईस ब्रेकर)

“आइस ब्रेकर” भनेको रमाइलो गर्नु र त्रसित नबनाउने तरीकाहरु अपनाएर मानिसहरूलाई राम्ररी चिन्नु हो । यसलाई धेरै चोटी नयाँ सानो समूहको संगतिको समयमा प्रयोग गरिन्छ । केही टिपोटहरू :

- आइस ब्रेकर खेलाउने व्यक्ति समूहको निम्ति उपयुक्त हुनुपर्छ । यदि उनी अति नै बच्चाजस्तो भयो भने मानिसहरूले सहज महसुस गर्नेछैन। यदि उ अति त्रसित बनाउने खालको छ भने मानिसहरू पछि हट्छन् ।
- सहभागी सबै जनालाई आमन्त्रण गरिएको र सहभागी हुन उत्साह प्रदान गरिएको कुरामा स्पष्ट हुनुहोस् ।
- केही आइस ब्रेकरहरूलाई एकचोटी भन्दा बढी पनि प्रयोग गर्न सकिन्छ ।
- ती मानिसहरू जो खेल वा क्रियाकलापमा असहज महसुस गर्न सक्छन्, तिनीहरूप्रति चेतनशील बन्नुहोस् ।
- जसै त्यो समूह, सानो समूहको जीवन चक्रको क्रममा सुगठित भएसँगै आइस ब्रेकर को अवधी छोटो र महत्व कम हुँदैजान्छ । पहिलो दुईवटा भेटघाटहरूमा, तपाईंले आइसब्रेकरमा (परिचयात्मक खेलमा) सम्पूर्ण भेटघाटको समयको आधा समय बिताउन सक्नुहुन्छ, तर केही महिना पछाडि, तपाईंले १० वा १५ मिनेटमात्रै खर्च गर्नुपर्ने हुन्छ ।

**एक अर्कालाई  चिन्ने प्रश्नहरु**

जब तपाईं ७-१२ वर्षको उमेरको बीचमा हुनुहुन्थ्यो...

१. तपाईं कहाँ बस्नुभयो ? तपाईंका कतिजना दाजुभाइ र दिदीबहिनीहरू थिए ?
२. तपाईंको परिवारले कुन सवारी साधनलाई प्रयोग गर्थे ?
३. तपाईंले सबभन्दा नजिक महशूस गर्नुभएको व्यक्ति को हुनुहुन्थ्यो ?
४. कहिले देखि परमेश्वर तपाईंको लागि सामान्य वचनभन्दा पनि बढ्ता हुनुभयो ?

**म को हुँ ?"**

एउटा कागजको पानामा एकजना प्रख्यात व्यक्ति वा बाइबलको पात्रलाई लेख्नुहोस् । त्यसलाई हरेकको पछाडि ढाँडमा टाँसिदिनुहोस् । व्यक्तिले उनको आफ्नो कागजलाई पढ्न सक्दैनन् । तिनीहरू एकपटकमा एउटा प्रश्न सोध्दै तिनीहरू को हुन भन्ने अनुमान लगाउन नसकुन्जेलसम्म कोठाको वरिपरि घुम्दै अरु सदस्यहरुसँग सोध्दै हिँड्नुपर्छ ।

* त्यो समूहमा मात्र प्रयोग गर्नुहोस, जसमा सबै मानिसहरू बाइबलसँग परिचित छन् ।

**म बाजी थाप्छु कि तपाईंलाई यो थाहा छैन**

समूहका हरेक व्यक्तिले खाली कागजको पानामा आफनो बारेमा केही कुरा लेख्छन् जुन कुरा त्यो समूहमा रहेका कुनै पनि व्यक्तिलाई उनको बारेमा थाहा छैन भनी उनले सोचेको हुन्छ । त्यस कागजको टुक्रालाई पट्याइन्छ, राम्ररी मिसाइन्छ र क्रमबद्ध रुपमा सँख्या लेखिन्छ । त्यसपछि एक जना निश्चित व्यक्तिले सँख्याबाट शुरुवात गरेर पढ्न सुरु गर्छ । त्यो समूहमा रहेका हरेक सदस्यले उनीहरूको आफ्नो अनुमानको आधारमा मानिसहरूको सूचीलाई सबै भन्दा बढी मिल्ने संकेतसँग मिलाउन सुरु गर्दछन् । अन्तिम संकेतलाई पढिसकेपछि जसले सबभन्दा धेरै मिलाउन सक्छ उसले जित्छ ।

**परिचय**

समूहमा रहेका हरेक व्यक्तिलाई यसो भनिएको हुन्छ कि तिनीहरूलाई समूहका अन्य सदस्यको बारेमा सोध्ने प्रश्नको बारेमा विचार गर्नको लागि केहि मिनेट दिइएको हुन्छ । हरेकले आफूले सोध्ने एउटा प्रश्नको बारेमा विचार गरिसकेपछि तिनीहरू आफ्नो प्रश्न सोध्दै एक-अर्कामा मिसिनलाई सुरु गनुपर्दछ । प्रत्येकको व्यक्तिको नाउँ र जवाफ लेख्नुहोस् । त्यसको १० मिनेटपछि, फेरी सबैजनालाई भेला गराउनुहोस् , र हरेक व्यक्तिले अन्य सदस्यहरुको बारेमा पत्ता लगाएको कुरालाई भन्न लगाउनुहोस् । तपाईले जति राम्रा प्रश्नहरू बनाउनुहुन्छ त्यति धेरै सृजनशिल र चाखलाग्दो प्रतिक्रियाहरु प्राप्त गर्नुहुनेछ ।

**दुईवटा सत्य र एउटा झुट**

हरेकले तिनीहरूको आफ्नै बारेमा दुईवटा साँचो र एउटा झुट कुरालाई लेख्छन् । त्यसपछि सबैजनाले त्यहाँ लेखिएको कागजको पाना कुन चाहिँ कुरा कुन व्यक्तिसँग मिल्छ र कुनचाहिँ झुटो हो भनेर निर्णय गर्छन् । तपाईंले पहिलो भागलाई छोड्न सक्नुहुन्छ (जस्तैः हरेक व्यक्तिले तिनीहरूको कागजको पानालाई समातेर बस्छन र मानिसहरूले कुनचाहिँ भनाइ झुट छ भनेर अनुमान गर्छन्) । (यदि कसैले सत्यताको धेरै नजिक भएको झुट कुरालाई टिप्दछन् भने त्यो उचित नहुन सक्छ) ।

**मौषमको प्रतिवेदन**

अगुवाबाट सुरु गर्दै समहको वरिपरि जानुहोस् र तपाईंले अहिले कस्तो अनुभव गरिरहनु भएको छ बताउनुहोस्, मौसम प्रतिवेदन जस्तै कुनै ठाउँमा वादल लागेको कतै घाम लागेको आदि । विद्यार्थीहरूले किन उनीहरुले त्यस किसिमको मौसमलाई छानेको हो भनी वताउन सक्छन् ? अगुवाले कति धेरै गहिरो रुपमा बताउने भनेर नमुनाको लागि बताउन सक्छन् ।

**भरोसाको हिँडाइ**

समूहलाई जोडीमा विभाजित गर्नुहोस् । हरेक जोडीको एकजना व्यक्तिको आँखामा पट्टी बाँधिदिनुहोस् । आँखामा पट्टी नबाँधिएको हरेक व्यक्तिले भेटघाटको स्थलको वरिपरि पट्टी बाँधिएको व्यक्तिलाई अगुवाइ गर्दछन् । धेरै फरक खालको अनुभवहरूलाई प्रदान गर्ने कोसिस गर्नुहोस् - उनीहरुलाई भऱ्याङहरू चढाउनुहोस् , भित्र र बाहिर गर्नुहोस्, फरक खालका वस्तुहरूलाई अनुभव गराउँदै हिँडाउनुहोस्, फरक गतिमा हिँड्नुहोस्, र फरक थोकहरुमा हिँड्नुहोस् (घाँस, भूँइ, फोहर), तर हिँडाइ सुरु भइसकेपछि, केही पनि कुरा नभन्नुहोस् । तपाईले विना कुनै शब्द प्रयोग गरी सबै सन्देशहरु संचार गर्नुपर्छ । पाँच मिनेटपछि स्थानलाई परिवर्तन गर्नुहोस् । अर्को पाँचमिनेटपछि समूह फेरी भेला हुँदछ । तपाईंलाई आँखामा पट्टी बाँधिदिँदाखेरि र जसै तपाईले वस्तुहरूलाई छुँदाखेरि कस्तो खालको अनुभव गर्नुभयो भनेर बताउनुहोस् ,आदि । अर्को मानिसको बारेमा तपाईले कस्तो अनुभव गर्नुभयो । के कुरा हुदैछ भन्ने विषयमा कुनै नियन्त्रण नहुँदा तपाईलाई कस्तो महशुस भयो ? तपाईंले आफ्नो बारेमा के कुरा सिक्नुभयो ? यो कुरा तपाईंको परमेश्वरसँगको सम्बन्धमा कसरी लागु हुन्छ ? अरूहरूसँगको सम्बन्धमा पनि ?

**सिक्काको खेल**

तपाईंको सानो समूहको भेलामा कहिलेकाँही नयाँ मानिस हुन्छन् भने, तपाईंले सिक्काको खेललाई समझमा राख्न सक्नुहुन्छ । हरेकलाई १० वटा सिक्का दिनुहोस् । हरेकले आफ्नो बारेमा एउटा कुरा भन्नुपर्छ, जुनचाहिँ अरुको भन्दा फरक हुनुपर्छ । (उदाहरणको लागि, एउटा सहासिक यात्रा गर्ने समूहको एकजना सदस्यले यसो भन्न सक्छन्, “मैले अग्ला-अग्ला हिमाल चढेको छु”) । त्यो व्यक्तिले सिक्कालाई बीचमा राख्छ । यदि अर्को व्यक्तिले पनि त्यो हिमाल चढेको छ भने, उनले पनि आफ्नो सिक्कालाई बीचमा राख्न सक्छ । जसले सबैभन्दा पहिले आफ्नो सबै सिक्काहरु सकिन्छ उसले जित्छ ।

**अमिल्दो झुण्ड**

यस क्रियाकलापको निम्ति, तपाईंलाई दुईवटा झुण्डहरू र दुईवटा कोठाहरूको खाँचो पर्दछ । समूहलाई दुईवटा सानो झुण्डहरुमा विभाजन गर्नुहोस् । झुण्ड क ले झुण्ड ख को लागि शब्दहरू प्रयोग नगरिकनै केही कार्य वा गतिविधि गराउने बारे विचार गर्दछ (जस्तै, बिहानको खाजा खाने) झुण्ड क ले झुण्ड ख का एक ब्यक्तिलाई (उदाहरणको लागिः रमेश) त्यो क्रियाकलापको बारेमा मात्र भन्छ र रमेशलाई उनको समूहको कुनै पनि व्यक्तिलाई भन्न पाईंदैन ।

झुण्ड ख पहिलो कोठामा पर्खिबस्छ, जबकि रमेशले उनको समूहबाट अर्को एकजना व्यक्तिलाई (उदाहरणको लागिः माइकल) दोस्रो कोठाबाट लिएर जान्छ । दोस्रो कोठामा, झुण्ड क ले रमेशले माइकलले गर्ने क्रियाकलापको अभिनय गर्छिन् (याद गर्नुहोस्, बोल्न पाईंदैन !) । त्यसपछि रमेश पहिलो कोठामा फर्कन्छ, र उनले आफ्नो ख झुण्डबाट कसैलाई पठाउँछ । तब माइकलले अर्को व्यक्तिको लागि रमेशले जस्तै क्रियाकलापको अभिनय गर्दछन्, र माइकल पहिलो कोठामा फर्कन्छ र उनको समूहबाट एकजनालाई पठाउँछन् । यो प्रकृयालाई झुण्ड ख को अन्तिम व्यक्तिको पालो सम्म दोहोऱ्याईन्छ । त्यसपछि झुण्ड ख को अन्तिम व्यक्तिले त्यो क्रियाकलाप के हो भनेर अनुमान लगाउनुपर्ने हुन्छ । झुण्डले त्यसपछि भुमिका बदल्छ र झुण्ड ख ले झुण्ड क ले गर्नुपर्ने क्रियाकलापको विचार गर्दछ ।

**जवाफहरू र लेखकहरू**

कागजको एक टुक्रामा, कुनै पनि व्यक्तिलाई अप्ठ्यारो नबनाउने तर उसको बारेमा केहि कुरा प्रकट गर्ने चार वा पाँचवटा प्रश्नहरू लेख्नुहोस्, (जस्तैः तपाईंलाई मनपर्ने व्यवसाय कुन हो ? तपाईंले के गर्न  चाहनु हुन्छ, जुन चाहिँ तपाईंले अहिले गर्न सक्नुहुन्न ? तपाईंलाई मन पर्ने बिदा कुन हो ?) । मानिसहरूले तिनीहरू सबैको उत्तर दिनुपर्छ वा कमसेकम तीनवटाको उत्तर दिनुपर्छ, तर तिनीहरूलाई आफनो नाम कागजमा नलेख्नको लागि निर्देशन दिनुहोस् । तब ती अगुवाले कागजको पानालाई संकलन गर्दछ, र उत्तरहरूलाई पढ्दछ, र ती उत्तरहरू दिने को हो भनेर सबैजनाले अनुमान लगाउनलाई कोसिस गर्नेछ ।

**सबै मेरा छिमेकीहरू**

एकजना बीचमा उभिएर शुरु गर्ने बाहेक सबैजना गोलो घेरामा मिलाइएको कुर्सीमा बसेर सुरुवात गर्छन् । त्यो बीचमा रहेको व्यक्तिले कोही “छिमेकीहरू” पत्ता लगाउनुपर्ने हुन्छ । यसो गर्नको निम्ति उ आफैले आफ्नो बारेमा सत्य कुराहरू भन्नुपर्ने हुन्छ, जुन कुरा त्यो समूहमा भएका कसैको बारेमा सत्य हुनेछ भन्ने आशा राखिएको हुन्छ (जस्तैः “मेरा सबै छिमेकीहरूले पियानो बजाँउछन्” वा “मेरा सबै छिमेकीहरू दाहिने हात चलाउने छन्”) । प्रत्येक जसले यी भनाइहरुलाई सत्यतापूर्ण रुपमा भन्न सक्छन् उनीहरु उठ्नुपर्छ र नयाँ बस्ने कुर्सी पत्ता लगाउनुपर्छ । उ बसिरहेको स्थानमा फेरी फर्कन पाँउदैन । बीचमा रहेको व्यक्तिले पनि बस्ने कुर्सीको खोजी गरिरहेको हुन्छ, यसरी हरेक चोटी बीचमा एकजना व्यक्ति कुर्सी बिना नै रहन्छ । त्यसपछि उनले आफ्नो बारेमा एउटा सत्य कुरा भन्नुपर्छ, र ती  कुरा कोसँग सही मिल्छ भनेर कोही “छिमेकी” खोज्नुपर्छ ।

**समूहमा छलफल**

यहाँ तल दिइएको प्रश्नहरूको निम्ति धेरै विकल्पहरू छन् जसलाई आइस ब्रेकरको (परिचय कार्यक्रम) समयमा प्रयोग गर्न सकिन्छ । तपाईंले यो कुरालाई याद गर्नुहोस्, कि केही प्रश्नहरू नयाँ समूहको निम्ति राम्रा छन्, र कति प्रश्नहरू ती समूहहरूको निम्ति राम्ररी मिल्ने हुन्छन्, जुन समुहमा सदस्यहरूले एक-अर्कालाई केहि चिनेको हुन्छ । सामान्यतया, हरेक सानो समूहको भेटघाटमा एउटा मात्रै प्रश्नलाई प्रयोग गरिनेछ । प्रश्नहरूको छनोट गर्न सकिन्छ, किनकि तिनीहरूले एक-अर्कालाई असल प्रकारले जान्न, वा तिनीहरूलाई त्यो भेलामा बाँडिने वाइवल अध्ययनको शिर्षकसँग जोड्न मद्दत गर्दछ ।

१. तपाईंको जीवनको सबैभन्दा खुशीको क्षण कुन थियो ?
२. तपाईंको जीवनको सबैभन्दा ठूलो पछुतो क्षण कुन थियो ?
३. तपाईले अहिलेसम्म गर्नुभएको सबैभन्दा गाह्रो काम कुन थियो ?
४. तपाईंले अहिलेसम्म पाउनुभएको सबैभन्दा ठूलो प्रशंसा कुन थियो ?
५. तपाईंको अति मिल्ने संसारिक साथी को हो ? उनी वा उनको बारेमा वर्णन गर्नुहोस् ।
६. तपाईंको घरको कुनचाहिँ कोठा तपाईंलाई सबैभन्दा बढी मनपर्छ ?
७. तपाईंले अर्को हप्ता पूरा गर्न चाहने एउटा थोक कुन हो ?
८. तपाईं बालक हुदाँ कहाँ सबभन्दा न्यानोपन र सुरक्षित भएको महसुस गर्नुभयो ?
९. यदि तपाईंसँग एकपटकको लागि काम गर्ने समय मेसिन भएको भए, तपाई भविश्य वा विगतको कुन क्षणमा जान चाहनुहुन्थ्यो ?
१०.तपाईंले जीवनमा पहिलोचोटी गर्नुभएको केही कुरा पछिल्लो पटक कहिले गर्नुभएकोथियो ?
११.यदि तपाईंले तपाईलाई १,००० वर्ष जीवीत राख्ने औषधी पाउनुभयो भने के तपाईं त्यसलाई खानुहुन्थ्यो ? किन ?
१२.के तपाई आफ्नै मृत्युको सही मिति जान्न चाहनुहुन्छ ?
१३.तपाईंसँग राम्ररी मिल्ने तपाईंको आफन्त को हो ? किन ?
१४.तपाईं बालक हुँदा, तपाईंको आफ्नो बुबासँग बिताउनु भएको मनपर्ने र स्मरणयोग्य क्षण कुन हो ? तपाईंको आमासँग ?
१५.परमेश्वरले तपाईलाई येशुको खाँचो छ भनेर चिनाउन कसलाई प्रयोग गर्नुभयो ?
१६.यदि तपाईंले आफूलाई बाइबलीय चरित्रको स्थानमा परिवर्तन गर्न सक्नुहुन्थ्यो भने, तपाईंले कसलाई छान्नुहुन्थ्यो ? किन ?
१७.तपाईंलाई मनपर्ने बाइबलको पुस्तक कुनचाहिँ हो ? किन ?
१८.यदि तपाईं संसारको जुनसुकै ठाउँमा जान सक्नुहुन्थ्यो भने, कहाँ जानुहुन्थ्यो ?
१९.कल्पना गर्नुहोस् कि तपाईंको घरमा आगो लागेको छ र तपाईंको परिवार सबैजना नै सुरक्षित छन् तर तपाईंसँग एउटै मात्र थोक निकाल्ने मौका छ भने तपाईंले के निकाल्नुहुन्थ्यो ?
२०.तपाईंलाई मनपर्ने चलचित्र वा टिभि कार्यक्रम कुन हो ?
२१.हामी अन्तिम पटक भेला भएदेखि उता, तपाईंको जीवनमा सबैभन्दा बढी प्रभाव कसले पारेको थियो ?
२२.गएको एकहप्ता भित्र तपाईको जीवनमा घटेको सबैभन्दा उत्तम कुरा के थियो ?
२३.तपाईंले प्रशंसा गर्ने कुनै व्यक्तिको नाउँ भन्नुहोस् जसले एकदमै ठूलो बाधामा पनि बिजय प्राप्त गरे, तिनीहरू अहिले कहाँ छन् ?
२४.मानवीय सम्बन्धमा तपाई कुन कुरालाई धेरै महत्व दिनुहुन्छ ? येशू खीष्टसँगको तपाईंको सम्बन्धमा वा बाबुआमासँगको तपाईको सम्बन्धमा ?
२५.तपाईंको दिनभरिमा मनपर्ने समय कुनचाहिँ हो ?
२६.(एकल व्यक्तिलाई) तपाईंले विवाह गर्न चाहनुभएको व्यक्तिको बारेमा वर्णन गर्नुहोस् । (विवाहित जोडीलाई) के कुराले तपाईलाई विवाह गर्न अगुवाइ गऱ्यो ?
२७.तपाईंले आफ्नो कुनचाहिँ बरदान (तपाईं आफू परिवर्तन हुनुभएको भन्दा बाहेक)लाई कहिल्यै पनि बिर्सनु हुनेछैन ?

२८. तपाईंको जीवनमा बितेको हप्तामा भएको सबैभन्दा महत्वपूर्ण घटना के थियो ?
२९. यदि तपाईंले यस संसारको कुनै पनि स्थानमा तीन दिन बिताउन छान्न पाउनु भयो भने, तपाईं कहाँ जानुहुन्थ्यो, र किन ?
३०. यदि तपाईंले तपाईंको देशमा बसेको कसैलाई भेट्ने मौका पाउनुभयो भने तपाई कसलाई भेट्नुहुन्थ्यो , र तपाईं उनी वा उसँग किन भेट्न चाहनुहुन्छ ?
३१. यदि तपाईंले यस संसारको कुनै पनि स्थानमा बस्न पाउनुभयो भने, तपाईं कहाँ बस्नुहुन्थ्यो, र किन ?
३२. तपाईंले कस्तो खालको वरदान (आत्मिक, भावनात्मक, मानसिक आदि)लाई यो समूहमा ल्याउँदै हुनुहुन्छ भनेर विश्वास गर्नुहुन्छ? (अर्को शब्दमा भन्नुपर्दा, र तपाईंले अरूको उत्साहको लागि योगदान दिन सक्ने के कुरा ल्याउनुभएको छ भनी विचार गर्नुहुन्छ ?)
३३. तपाईंको मान्यतालाई परीवर्तन गर्ने तपाईको जीवनको अनुभव के थियो ?
३४. आउने बर्षको लागि तपाईंको लक्ष्यहरू के कस्ता छन् ?
३५. तपाईंका अभिभावकहरू को हुन्, र उहाँहरूले के गर्नुहुन्छ, र तपाईंले उहाँहरूको बारेमा के कुरालाई बढी सम्मान गर्नुहुन्छ ?
३६. यदि तपाईंले आफ्नो क्यारियरलाई फेरी छान्ने पाउनुभयो भने के गर्नुहुन्छ ?
३७. यदि तपाईं यस संसारको कुनै पनि देशको नेता हुनु पाउनुभयो भने, तपाईले कुन देश छान्नुहुन्थ्यो, र किन ?
३८. बिगत हप्तामा भएको सबैभन्दा असल र सबैभन्दा खराब अनुभवहरू कुन थियो ?
३९. यदि तपाईंले यस संसारमा भएको कुनै पनि स्थानको सित्तैमा दुई हप्ताको भ्रमण गर्ने मौका पाउनुभयो भने तपाई कहाँ जानुहुन्थ्यो, र किन ?
४०. यदि तपाईंले अहिले जीवीत रहेको कुनै एकजना सँग कुरा गर्न पाउनुभयो भने, तपाई कोसँग कुरा गर्नुहुन्थ्यो, र किन ?
४१. सबैजनालाई कागजको एउटा पाना दिनुहोस्, र तिनीहरूलाई तिनीहरूको कामको तस्बिर वा दैनिक रूपमा गरिरहेको कुरालाई कोर्नलाई लगाउनुहोस् । तपाईंले कोर्नुभएको तस्बिरहरुको बर्णन गर्नुहोस् ।
४२. किन आजको रात तपाई यो सानो समूहमा प्रशन्न देखिनुहुन्छ ?
४३. सबैजनालाई भर्खर १० करोड रुपैयाँ दिइएको कुराको बारेमा खबर दिनुहोस् । तिनीहरूले सबैलाई भर्खर प्राप्त गरेको भाग्यलाई कसरी प्रयोग गर्नेछन् भनेर बाँड्न लगाउनुहोस् ।
४४. के तपाईंको उपनाम छ, र यदि छ भने, त्यो के हो ? तपाईंको पत्नी, छोराछोरी वा दाजुभाई दिदीबहिनीको उपनामहरु के हुन ?
४५. के त्यहाँ इतिहासको कुनै फरक कालखण्ड छ, जहाँ तपाईं जीउने चाहना गर्नुहुन्थ्यो ? यदि छ भने, किन ?
४६. तपाईंको निम्ति सानो समूह कसरी सहयोगी बनेको छ ? कसरी सहयोगी छ भनेर एक-आपसमा बताउनुहोस र धन्यबाद दिनुहोस ।
४७. सानो समूहमा तपाइले आफ्नो परिवारको बारेमा प्रशंसा गर्ने तीनवटा कुराहरुलाई बताउनुहोस् र तपाईले कठिन महशुस गर्नुभएको तीनवटा कुराहरु बताउनुहोस् ।
४८. तपाईंले आफ्नो परिवारमा यस क्षण वास्तवमै भएको देख्न चाहनुभएको एउटा कुरा के हो ? तपाईंको मण्डलीमा ? तपाईंको सानो समूहमा ? र यस संसारमा ?
४९. तपाईंको जीवनको यो समयमा तपाईको अति उत्तम मित्र को हो ?
५०. के तपाईंले हाल प्रार्थनाको जवाफ पाउनुभएको छ ? यसको बारेमा बाँड्नुहोस् ।

५१. तपाईंको व्यवसाय के हो ? तपाईंलाई यसको बारेमा के कुरा मनपर्छ ?
५२. तपाईंको खीष्टियन जीवनमा कसले धेरै प्रभाव पारेको छ, र किन ?
५३. तपाईंले कुन चलचित्र वा भिडियो हेर्नुभयो, र कुन पुस्तक पढ्नुभयो, जुन तपाईंले अरूहरूलाई पनि सिफारिस गर्नुहुन्छ ? किन ?
५४. तपाईंको जीवनमा सबैभन्दा बढी कुन कुराले परमेश्वरलाई प्रशन्न पार्छ भनेर तपाई विचार गर्नुहुन्छ ?
५५. तपाईंलाई यो हप्ता भनिएको सबैभन्दा बढी उत्साहजनक कुरा के हो ?
५६. तपाईंले यो हप्ता कसैको निम्ति गर्नुभएको उत्साहजनक कार्य के हो ?
५७. के कुराले तपाईंलाई यो मण्डलीमा उपस्थित हुने निर्णय गरायो ?
५८. तपाईंले अझै पनि आफ्नो जीवनमा के कुरा प्राप्त गर्न चाहनुहुन्छ ?
५९. तपाईं के कुराको निम्ति धन्यवादी हुनुहुन्छ ?
६०. तपाईंको जीवनमा भएको संझनयोग्य घटना कुनचाहिँ हो र किन ?
६१. तपाईंको लागि सवभन्दा अर्थपूर्ण बाइबलको खण्ड बताउनुहोस् र किन यो धेरै अर्थपूर्ण छ ?
६२. यदि येशू खीष्ट एक हप्तापछि आउँदै हुनुहुन्छ भने तपाईंको जीवन कसरी फरक हुन्थ्यो ?
६३. तपाईंले भेट्नुभएको सबैभन्दा बढी चाखलाग्ने व्यक्ति को हो ?
६४. तपाईंलाई बिदाको समय बिताउन सबैभन्दा बढी मनपर्ने स्थान कुन हो, र किन तपाईंलाई यो मनपर्छ ?
६५. तपाईंले प्राप्त गर्नुभएको आत्मिक अनुभवको बारेमा बताउनुहोस् ।
६६. तपाईं कसरी आराम गर्नुहुन्छ ?
६७. तपाईंलाई कस्तो प्रकारको गीत वा संगीत मन पर्छ ?
६८.यो हप्तामा तपाईंलाई के कुरा भएको छ, जसलाई तपाईं ससमूहका सबैलाई बताउन चाहनुहुन्छ ?
६९.यदि तपाईं असफल हुनु हुन्न थियो भने, तपाईंले कस्तो खालको कार्य गर्न चाहनुहुन्थ्यो ?
७०. यदि तपाईंलाई फेरि जिउनु पर्ने भए तपाईं के कुरा परिवर्तन गर्नुहुन्थ्यो ?
७१. तपाईं आफ्नो चिहानको ढुंगामा के कुरा लेखिएको चाहनुहुन्छ ?
७२. तपाईंको श्रद्धाञ्जली कार्यक्रममा के कुरा भनिएको चाहनुहुन्छ ?
७३. यदि तपाईं चन्द्रमामा गएर बस्नुपर्ने भएमा र तपाईले एउटा चिजमात्र लग्न पाउनुहुन्छ भने, तपाईले के लानुहुनेछ ?
७४. तपाईंले यी कुरा देख्नुभयो भने तपाईले के गर्नुहुन्थ्यो : १) लुटिँदै गरेको व्यक्ति, २) डुब्दै गरेको व्यक्ति र ३) आगो लाग्दै गरेको घर ।
७५. तपाईंले केटा (यदि तपाईं स्त्री हुनुहुन्छ भने) मानिसको बारेमा नबुझेको वा स्त्री( यदि तपाईं पुरुष हुनुहुन्छ भने) को बारेमा नबुझेको एउटा कुरा के हो ?
७६. यदि तपाईंले कुनै कुरा यो हप्ता फेरी गर्नुपर्ने भयो भने, तपाईंले के कुरा फरक तरिकाले गर्नुहुन्थ्यो ?
७७.तपाईं आफ्नो मण्डली भन्दा बाहिरको समूहको सदस्य हुनुहुन्थ्यो भने, त्यो समूहको बारेमा बताउनुहोस । तपाईको विचारमा त्यो समुहले किन निरन्तरता पायो (वा पाएन) ? हामी "धार्मिक" समूहभित्र मात्र सिमित छैनौं । हामीमध्ये धेरैजसो आफ्नो कार्य क्षेत्रमा सानो समूहमा भेट्ने गर्छौं ।
७८.तपाईंले पाउनु भएको सबैभन्दा धेरै नै स्मरणयोग्य बाइबल कुन हो ? (जस्तैः तपाईंको बप्तिस्मामा, विवाहमा, विश्वास गर्दाको समय आदि) ? किन यो तपाईंको लागि अर्थपूर्ण छ भनेर हामीलाई बताउनु होस् ।

७९. जब तपाईंले परमेश्वरको बारेमा सोच्नुहुन्छ, तपाईंको मनमा आउने पहिलो कुरा के हो ?
८०.तपाईंको परमेश्वरसँगको सम्बन्धको बारेमा, तपाईंसँग भएको सबैभन्दा ठूला प्रश्नहरू के के हुन ?

**सानो समूहको भेटघाटको निम्ति हुने नमुनाका क्रियाकलापहरू**

छलफलको हरेक चार भागको निम्ति गरिने सानो समूह क्रियाकलापहरूका केही नमुनाहरू तल दिइएका छन् । हरेक कार्यको निम्ति सूचीकृत गरिएको समय अनुमानित समय हुन् :

| संगति | आराधना | सुधारिकरण | सुसमाचार |
|---|---|---|---|
| व्यक्ति-व्यक्तिमा | व्यक्ति देखि परमेश्वर | परमेश्वरदेखि व्यक्तिमा | येशू खीष्टको शरीर देखी संसारमा |
| "भित्रपट्टी" | "माथिपट्टी" | "तलपट्टी" | "बाहिरपट्टी" |
| २० मिनेट | २० मिनेट | ३० मिनेट | २० मिनेट |
| ● रमाइलो गर्ने क्रियाकलापहरुको साथमा आनन्द मनाउनुहोस् ।<br>● सँगै खाना खानु होस् ।<br>● एक-अर्कालाई राम्ररी चिन्नुहोस् ।<br>● एक-अर्कालाई उत्साह दिनुहोस् ।<br>● एक अर्कासँग आनन्द बाँड्नुहोस् ।<br>● एक-अर्काको समस्याहरू बाड्नुहोस् ।<br>● एक-अर्काको निम्ति प्रार्थना गर्नुहोस् । | ● प्रशंसाका गीतहरू गाउनुहोस् ।<br>● उहाँको महानताको निम्ति परमेश्वरलाई धन्यवाद चढाउनुहोस् ।<br>● परमेश्वरले गर्नुभएको सबै कुराको लागि उहाँलाई धन्यवाद चढाउनुहोस् ।<br>● ठुलो स्वरले वा शान्तसँग प्रार्थना गर्नुहोस ।<br>● आराधनाका खण्डहरू पढ्नुहोस् (उदाहरणको लागि, भजनसंग्रहहरू )<br>● खीष्टियन कविता पढ्नुहोस् । | ● समूहमा बाइबलका खण्डहरूको अध्ययन गर्नुहोस् ।<br>● वाइवलीय सत्यतालाई दैनिक जीवनमा लागु गर्नुहोस् ।<br>● समूहसँगै सेवकाइमा संलग्न हुनुहोस् ।<br>● आत्मिक वरदानहरू लाई पत्ता लगाएर प्रयोग गर्नुहोस् ।<br>● बाइबलका पदहरू कण्ठ गर्नुहोस् । | ● "प्रार्थना गर्ने तीन जनाको समूह बनाउनुहोस्" र नबाँचेका मित्रहरूको निम्ति प्रार्थना गर्नुहोस् ।<br>● समूहमा अविश्वासीहरूलाई आमन्त्रण गर्नुहोस् ।<br>● तपाईंको वरिपरि भएका मानिसहरूको खाँचोलाई समुहसँग मिलेर पूरा गर्नुहोस् ।<br>● अविश्वासीहरूसँग मित्रताको सम्वन्धको विकास गर्नुहोस् ।<br>● येशू खीष्टको असल सुसमाचार अरूहरूलाई बताउनुहोस् । |

**दिउँसोको खाना खाने समय (६० मिनेट)**

# सेसन ४

# परमेश्वरको वचनलाई अवलोकन गर्नु

## गहन बाइबल अध्ययनको प्रयोग गरेर (६० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरू :** गहन बाइबल अध्ययन विधिको समीक्षा गर्दै सुरु गर्नुहोस् । समूहलाई सोध्नुहोस्, "गहन बाइबल अध्ययनका तीनवटा क्रियाकलापहरू के के हुन् र ती हरेक क्रियाकलापहरूसँग सम्बन्धित प्रश्नहरू के के छन् ?" सहभागीहरूले निम्न प्रकारले प्रतिक्रिया दिनुपर्ने हुन्छ :

क. अवलोकन - यसले के भन्दछ ?
ख. व्याख्या - यसको अर्थ के हुन्छ ?
ग. उपयोगीता - मैले के कुरा गर्नुपर्छ ?

**भन्नुहोस्,** "यस सेसनमा हामीले सिक्ने पहिलो क्रियाकलाप "अवलोकन " हुनेछ ।

**अवलोकन - खण्डले के बताउँछ ? (२० मिनेट)**
**सहजकर्ताको लागि निर्देशनहरू:** सहभागीहरूलाई कार्यपुस्तिकाको खाली ठाउँमा उपयुक्त शब्दहरू भर्नलाई अगुवाइ गर्नुहोस् र हरेक शिर्षकमा प्रदान गरिएका प्रश्नहरूलाई छोटकरीमा छलफल गर्नुहोस् ।

क. खण्डले के कुरा भनिरहेको छ भनेर होसियारपूर्वक अवलोकन गर्न तयारी गर्नुहोस् ।

- पवित्र आत्माको भूमिका के हो ? १ कोरिन्थी २:१४
- प्रार्थनाको भूमिका के हो ? एफिसी १:१८
- आज्ञाकारी बन्न तयारी हुनुको भूमिका के हो ? याकूब १:२२-२५
- अध्ययन गरिएको खण्डको आधारमा आत्म-जाँच गर्नुको भूमिका के हुन्छ ? २ कोरिन्थी १३:५
- सिक्ने चाहनाको भूमिका के हो ? प्रेरित १७:११

ख. पर्याप्त समय लिनुहोस् ।

- कति समय पर्याप्त समय हुन्छ ?
- तपाईंको निम्ति परमेश्वरको वचन अध्ययनमा बाधा नपुग्ने सबैभन्दा उत्तम समय कुन हो ?
- तपाईंको निम्ति परमेश्वरको वचन अध्ययन गर्नलाई बाधा नपुऱ्याउने सबैभन्दा उत्तम स्थान कहाँ हो ?

अवलोकन - व्याख्या - उपयोगीता - तयार -समय

ग. खण्डको बाइबलीय सन्दर्भ वा अवस्थालाई हेर्नुहोस् :
निम्न कुराहरुलाई जाँच्नुहोस् :

- अघिल्लो र पछिल्लो पदहरूले के कुराको बारेमा बताइरहेको छ ?
- त्यस अनुच्छेदको विषय के हो ?
- त्यस अध्यायको विषय के हो?
- त्यस पुस्तकको उद्देश्य र विषय के हो ?

घ. खण्डको संरचनालाई जाँच्नुहोस् :

- खण्डको साहित्य कस्तो किसिमको छ ?
- मुख्य शब्दहरू के के हुन् ?
- कुन थोकहरूलाई तुलना गरिएको छ र कुन थोकहरूलाई भिन्न प्रस्तुत गरिएको छ ? तपाईंले खण्डलाई पढ्दै गर्दा कसरी विचारहरू विकास हुन्छन् ?
- के कस्ता क्रियाहरु छन् ? (तिनीहरूले कार्य के हो भनेर बताउने गर्दछ)
- के कस्ता संयोजकहरू प्रयोग भएका छन् , र कहाँ प्रयोग गरिएका छन् ? (तिनीहरूले एउटा शिर्षकदेखि अर्कोमा हुने परिवर्तनलाई देखाउँदछ)
- के कस्ता उदाहरणहरु छन् ?

ङ. खण्डको लागि अनुसन्धानमूलक प्रश्नहरू सोध्नुहोस् ।
सम्वाददाताले घटनालाइ आफ्नै आँखाले देखेको ब्यक्तिसँग सोधे जस्तै त्यो खण्डको बारेमा प्रश्नहरू सोध्नुहोस्

- को ?
- के ?
- कहाँ ?
- कहिले ?
- कसरी ?
- किन ?

**गहन बाइबल अध्ययनको प्रदर्शन -**
**अवलोकन (४० मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरू :** सहभागीहरू सबैको एउटै समूह बनाएर माथि दिइएको अवलोकनको सिद्धान्तहरूलाई प्रयोग गरेर यर्मिया १:४-१० को बाइबल अध्ययनमा अगुवाई गर्नुहोस् । सुरु गर्नुभन्दा अगाडि प्रार्थना गर्नुहोस् । त्यसपछि एकसाथ त्यस खण्डलाई पढ्नुहोस्, र त्यस खण्डको संरचना र सन्दर्भको बारेमा कुराकानी गर्नुहोस् । त्यसछि दिइएको प्रश्नहरूद्वारा त्यो समूहलाई "नमुना अवलोकन" भनेर नामांकरण गरिएको तल दिइएको खण्डमा अगुवाइ गर्नुहोस् । ३० मिनेटसम्म अवलोकनलाई निरन्तरता दिनुहोस् । तब, त्यस कक्षाको छलफलबाट आएको परिणामलाई पुनः छलफल गर्नुहोस् ।

वाइवलीय सन्दर्भ - संरचना - अनुसन्धानमूलक

**अनुसन्धानमुलक प्रश्नहरू:**

**को ?**

- बाइबलको यस खण्डको लेखक को हुन् (पद १) ?
- यस खण्डमा बताइएका मानिसहरू को हुन् (पद ५) ?
- पद ५ मा को बोलिरहेको छ ?
- यस खण्डको परिवेशमा बताइएका मानिसहरू को-को हुन् (पदहरू १-३) ?
- "को... ?" बाट सुरु भएका अन्य प्रश्नहरू

**के ?**

- यस खण्डको सन्दर्भमा भएका मुख्य घटनाहरू के-के हुन् ?
- यर्मियाकहाँ आएको "परमप्रभुको वचन" के थियो (पद ५) ?
- पद ५ मा परमेश्वरले गर्नुभयो भनी भन्नुभएको चारवटा विशिष्ट कार्यहरू के के हुन् ?
- पद ४ मा, यर्मियाको भूमिका कस्तो थियो ?
- पद ५ अनुसार, यर्मियाको भूमिकाको सिमा कहाँसम्म थियो ? के इस्राएल राष्ट्रको निम्ति सिमित वा अझ बढी नै फराकिलो थियो ?
- पद ६ मा यर्मियाको प्रतिउत्तर कस्तो थियो ?
- पदहरू ७-८ मा यर्मियालाई परमेश्वरको जवाफ के थियो ?
- पदहरू ७-८मा परमेश्वरले यर्मियालाई दिनुभएको दुईवटा निर्देशनहरु के के थियो ?
- पद ७ अनुसार यर्मियाको निम्ति के के विकल्पहरु थिए ?
- परमेश्वरले पद ८को पहिलो भागमा यर्मियाको कुन भावनालाई सम्बोधन गर्नुभएको थियो ?
- यर्मिलाई नडराउनको लागी दिइएको दुईवटा कारणहरु के के हुन (पद ८) ?
- पद ९ मा परमप्रभुले यर्मियालाई के गर्नुहुन्छ ?
- पद १० ले यर्मियाको कार्यको वर्णन गर्दछ। त्यस कार्यको तत्वहरू के के थियो ?
- पद १० मा वर्णन गरिएका घटनाहरूको क्रम के हो ?
- यो खण्ड पछिका पदहरूमा परमेश्वरले के गर्नुहुन्छ (पदहरू ११-१६, १७-१९)
- अन्य "के...?" प्रश्नहरू

**कहाँ ?**

- पद १ को सन्दर्भले कहाँ बताउने गर्दछ ?
- यी स्थानहरू कहाँ अवस्थित छन् ?
- यर्मिया कहाँ अवस्थित थिए होला जब उनले परमप्रभुबाटको बोलावटलाई प्राप्त गरे ( पद १) ?
- अन्य "कहाँ" प्रश्नहरू

**कहिले ?**

- यस पुस्तकको सम्पूर्ण सन्दर्भको वर्णन गरिएको समय अवधि कहिले हो ?
- पद ५ मा, परमेश्वरले कहिले यर्मियालाई छान्नुभयो वा जान्नुभयो ?
- पद ५ मा, परमेश्वरले यर्मियालाई सेवकाइको निम्ति कहिले अलग गर्नुभएको थियो ?
- अन्य “कहिले...” प्रश्नहरू

**किन ?**

- किन परमेश्वरले यर्मियालाई बोलाउनुहुन्छ ?
- किन यर्मियाको काम अगमवक्ताको रुपमा आवश्यक हुन्छ ?

**कसरी ?**

- पद १ मा यर्मियालाई कसरी वर्णन गरिएको छ ?
- पद १ मा उनको बुबा हिल्कियाहलाई कसरी वर्णन गरिएको छ ?
- पद ६ मा यर्मियाले कसरी परमेश्वरलाई सम्बोधन गर्दछ ?
- कसरीपद ६मा यर्मियाले परमेश्वरको वचनमा प्रतिक्रिया जनाउँदछ ?
- परमेश्वरले पद १८ मा कसरी यर्मियालाई बर्णन गर्नुहुन्छ ?

**नमुना ३ को निम्ति तयारी :**

**गहन बाइबल अध्ययन - अबलोकन**

यदि तपाईंसँग यर्मिया १:४-१० अवलोकन गर्ने समय भएन भने, यसलाई अर्को सेसन भन्दा अगाडि गर्नुहोस् । यदि तपाईंले उही खण्डमा अन्य उपयोगी प्रश्नहरू सोध्न सक्नुहुन्छ कि भनेर हेर्नुहोस् । यी प्रश्नहरू र उत्तरहरूलाई अर्को पाठमा प्रयोग गर्नको निम्ति सुरक्षित राख्नुहोस् ।

# सेसन ५

## तपाईंको मण्डली स्थापनाको निम्ति प्रार्थनालाई कसरी परिचालन गर्ने (६० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरू:** यदि लामो पाना वा बाक्लो कागज उपलब्ध छ भने, हरेकले कागजको पानामा तल सुचीमा उल्लेखित बाइबलका खण्डहरुलाई लेख्नुहोस् । त्यो कागजको पानालाई कोठाको वरिपरि टाँस्नुहोस् । ती सहभागीका समूहलाई प्रत्येक बाइबलको खण्डलाई पढ्न लगाउनुहोस् । उनीहरुलाई आफ्नो कागजको पानामा गएर त्यस खण्डलाई पढ्न लगाउनुहोस्, र मण्डली स्थापना र सुसमाचारको निम्ति प्रार्थनाको आवश्यक्ता किन छ भन्ने कारणहरु त्यस पानामा लेख्न लगाउनुहोस् । पढ्न र लेख्नको लागि पाँच मिनेट समय दिनुहोस् । तब हरेक समूहलाई १ मिनेटको समय दिएर तिनीहरूले पत्ता लगाएका कुराहरु अरूहरूलाई बताउनलाई भन्नुहोस् ।

**प्रार्थनाः**
**सुसमाचार र मण्डली स्थापनाको एउटा अत्यावश्यक भाग**
**(१० मिनेट)**

तल दिइएको धर्मशास्त्रहरुलाई प्रयोग गरेर, सुसमाचार र मण्डली स्थापनाको लागि प्रार्थनाको आवश्यक्ताको बारे बाइवलिय कारणहरु पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् ।

रोमी १०:१
एफिसी ६:१८
एफिसी ६:१९-२०
कलस्सी ४:२-४
२ थेसलोनीकी ३:१-३

सुसमाचार र मण्डली स्थापनाको कार्यमा कसरी प्रार्थनालाई एकिकृत गर्न सकिन्छ ? (५ मिनेट)

**भन्नुहोस्,** “कस्ता खालका व्यवहारिक उपायहरू छन्, जसमा तपाईंले विश्वासीहरूलाई तपाईंको मण्डली स्थापनाको अभियानमा संलग्न गराउन सक्नुहुन्छ ?”

१. साना समूहहरू

२. तीनजनाको सामूहिक प्रार्थनाः - तीनजना विश्‍वासीहरूले सँगसँगै प्रार्थना गर्दछन् ।

३. हिँडाई प्रार्थनाः - त्यस क्षेत्रको वरिपरि हिँड्ने जसमा तपाईले सेवा पुऱ्याउने योजना गर्नुहुन्छ, र कुनै निश्चित स्थानमा चुपचाप रहेर प्रार्थना गर्नलाई रोकिनुहुन्छ ।

**हिँडाइ प्रार्थना छलफल (१५ मिनेट)**

**सहजकर्ताको लागि निर्देशनहरूः** ठूलो समूहमा तल दिइएको दुईवटा घटनाहरूलाई पढ्नुहोस्, र हरेक घटनाको अन्तमा दिइएका प्रश्नहरूको बारेमा छलफल गर्नुहोस् ।

**घटना अध्ययन १:**

धेरै संख्यामा पारिवारिक समस्याहरू छन् भनी जानकारी भएको छिमेकमा मण्डली स्थापना गर्ने लक्ष्य राखियो । त्यहाँ सामाजिक समस्याहरू जस्तैः बेरोजगारी, पारिवारिक बेमेलपना, लागु पदार्थको सेवन, र अपराधहरू अति नै सामान्य थियो । मण्डली स्थापना प्रयासको सुरुको अवस्थामा, छिमेकमा रहेको प्रत्येक गल्लीमा हिँडाइ प्रार्थनाको योजना गरिएको थियो । जसै खीष्टियनहरूले हिँडेर प्रार्थना गरे, तिनीहरूलाई पवित्र आत्माले दिनुभएको अन्तदृष्टिहरुलाई याद गरे । सुरुमा धेरै प्रार्थना सहयोगीहरु सहभागी भए । केहि हिँडाई प्रार्थनाहरु स्थानीय स्कुलको वरिपरि, केहि बजार क्षेत्रको वरिपरि, र कति छिमेकभन्दा बाहिरपट्टीको क्षेत्रको वरिपरिको भागमा गरियो । यी मध्ये एउटा हिडाई प्रार्थना छिमेकिमा रहेता पनि मानिसहरुद्धारा वेवास्ता गरिएको रुखहरु भएको क्षेत्रमा गरियो । लागु पदार्थहरूको किनबेच गरिने क्षेत्रको रुपमा परिचित यस क्षेत्रको रूखहरूमा धामी-झाँक्रीको चिन्हहरू थियो । हिँडाई प्रार्थनाको समूहले दुष्ट प्रभावहरुको विरुद्धमा प्रार्थना गरेर समय बितायो । छिमेकमा मण्डली स्थापना गर्ने लक्ष्य लिएको ३ वर्षको अवधिमा सामाजिक समस्याहरू हट्यो, अपराधीक घट्नाहरु ४० प्रतिशतले घट्यो, र ७०-८० जना मानिसहरू भएको मण्डलीको स्थापना भयो । अब त्यहाँ भइरहेको दुष्टतालाई चुनौती दिन सकारात्मक आत्मिक प्रभाव पऱ्यो, र परमेश्‍वरले धेरैको जीवनमा काम गरिरहनुभएको छ ( डाऊन यूरोपाको प्रार्थनाको पुस्तिका, अगष्ट १९९४, पाना १३) ।

- यस घटना अध्ययनको प्रतिक्रियामा तपाईंको कुन विचार बाँड्न चाहनुहुन्छ ?
- यस किसिमको हिँडाइ प्रार्थनाबाट उपलब्धि गर्न सकिने सबैभन्दा ठूला कुराहरू के के हुन् ?
- सबैभन्दा ठूला चुनौतीहरू के के हुनेछन् ?

**घटना अध्ययन २:**

एउटा मण्डली स्थापक र उनको परिवार शहरमा भएको एउटा अपार्टमेन्टमा बसाई सरे जहाँ तिनीहरूले मण्डली सुरु भएको हेर्ने चाहना राखेका थिए । एक दिन बेलुका त्यो परिवार त्यस अपार्टमेन्टमा भएको हरेक तल्लामा गए । तिनीहरू हरेक तल्लाको मुख्य प्रवेशद्वारमा उभिए र परिवारका हरेक सदस्यले त्यस तल्लामा रहने मानिसहरूको लागि प्रार्थना गरे । ती जवान छोराले त्यस तल्लामा बसोवास गर्ने हरेक व्यक्तिको हृदयले येशूको खोजी गरेका होऊन् भनेर प्रार्थना गरे । एउटी छोरीले तिनीहरूका आर्थिक समस्याहरू पूरा होऊन भनेर प्रार्थना गरिन्, अनि अर्की छोरीले असल पारिवारिक सम्बन्धको लागि प्रार्थना गरिन् । आमाले परिवारका सदस्यहरूको सुस्वास्थ्यको लागि प्रार्थना गरिन्, र बुबाले त्यस घरानामा परमेश्वरको आशिषको लागि प्रार्थना गरे । त्यो हिँडाई प्रार्थनापछि, ती मण्डली स्थापक र उनको परिवारले त्यस अपार्टमेन्टबाट १४ जना मानिसहरू प्रभुमा आएको कुरा देखे, र त्यहाँ एउटा सानो मण्डली स्थापना भयो ।

- यस घटना अध्ययनको प्रतिक्रियामा तपाईंको कुन विचार बाँड्न चाहनुहुन्छ ?
- यस किसिमको हिँडाइ प्रार्थनाबाट उपलब्धि गर्न सकिने सबैभन्दा ठूला कुराहरू के के हुन् ?
- सबैभन्दा ठूला चुनौतीहरू के के हुनेछन् ?

**सहजकर्ताको लागि निर्देशनहरू:** "प्रार्थना सहयोगी समूह" र "प्रार्थनाको निम्ति जानकारी संकलन" भन्ने शिर्षकको लागि यहाँ प्रदान गरिएका प्रश्नहरूलाई प्रयोग गरी ठूलो समूहलाई छलफलमा अगुवाइ गर्नुहोस् ।

**प्रार्थना सहयोगी समूह**

- के तपाईंसँग मानिसहरूको समूह छ, जसले तपाईंको मण्डली स्थापनाको सेवकाइको लागि प्रार्थना गर्छ ? यसले तपाईंको निम्ति कतिको राम्रो भईरहेको छ ? तपाईंले आफ्नो समूहलाई के विषयमा प्रार्थना गर्नलाई अनुरोध गर्नुहुन्छ ?
- तपाईको आफ्नो प्रार्थना सहयोगी समूहलाई प्रार्थनाको खाँचोहहरूको बारेमा र प्रार्थनाको उत्तरहरुको बारेमा जानकारी गराउन के कस्ता तरीकाहरु छ्न ?
- तपाईले आफ्नो प्रार्थना सहयोगी समूहसँग के कस्ता जानकारीहरु बाँड्नु उत्तम हुन्छ र के कस्ता जानकारीहरु बाँड्नु हुन्न भनी महशुस गर्नुहुन्छ ?
- तपाईंको मण्डली स्थापनाको सेवकाइको निम्ति प्रार्थनाको वृद्धि गर्नलाई सहयोगी हुने केहि अन्य तरिकाहरु के के हुन् ?

**प्रार्थनाको निम्ति जानकारी संकलन गर्नु**

- व्यक्ति वा समुदायको निम्ति प्रार्थना गर्दा अति नै उपयोगी हुने के कस्ता जानकारीहरुलाई अनुसन्धानको क्रममा संकलन गर्न सकिन्छ ?
- के यस्ता जानकारीहरू जस्तै कि ती क्षेत्रमा भएका मण्डलीहरू, बिरोधी वा शैतानिक समूहहरूको उपस्थिती, मण्डली वृद्धि  र विश्वासीहरूको एकता आदि तपाईंको प्रार्थनाहरुको निम्ति उपयोगी हुनेछन् ? किन हुनेछन् भनी वर्णन गर्नुहोस् ।

**नमुना ३ को निम्ति तयारी**
**एउटा प्रार्थना सहयोगी समूह  र हिँडाइ प्रार्थनाको अनुभव**

१. यदि तपाईंले अगाडि नै यसो गरिसक्नुभएको छैन भने, तपाईंले आफ्नो प्रार्थना सहयोगी समूहको निर्माण गर्नुहोस् । तपाईंको सेवकाइको निम्ति कमसेकम अन्य तीनजना विश्वासीहरूलाई साप्ताहिक रुपमा प्रार्थना गरिदिनुहुनको लागि अनुरोध गर्नुहोस् । तपाईंले कसरी तिनीहरूलाई प्रार्थनाको विषयहरु र प्रार्थनाको उत्तरहरूलाई जानकारी गराइरहनुहुन्छ ?

२. आफनो लक्षित क्षेत्रमा तपाईंले मण्डली स्थापना गर्ने समूह वा अरूहरूसँग कमसेकम एउटा प्रार्थनाको हिँडाइ गर्नुहोस्, जसको त्यस क्षेत्रमा येशू खीष्टको सुसमाचारलाई पुऱ्याउने बोझ रहेको हुन्छ । यो अनुभव तपाईको सहयोगी वा प्रशिक्षकसँग छलफल गर्नुहोस् ।

**सहजकर्ताको लागि निर्देशनहरू :**

- नमुना ३ को तयारी गर्दा यी चारवटा कुराहरूको समीक्षा गर्नुहोस्:
  १. आत्मिक मापनको क्रियाकलाप
  २. तपाईंको गवाही लेख्नु र बताउनु
  ३. गहन बाइबल अध्ययन : यर्मिया १:४-१० को अवलोकन
  ४. प्रार्थना सहयोगी समूह र हिँडाइ प्रार्थना
- तिनीहरूसँग सम्बन्धित कुनै पनि प्रश्नहरूको जवाफ दिनुहोस् ।
- सहभागीहरुलाई यस महिनाको लागि लक्ष्यहरु निर्धारण गर्न लगाउनुहोस् :

| यस महिनाको निम्ति मण्डली स्थापनाका लक्ष्यहरू | |
|---|---|
| **व्यक्तिहरू** | |
| नयाँ सम्पर्कहरु | कृपया संख्या लेख्नुहोस् । |
| नयाँ परिवर्तन भएकाहरू | कृपया संख्या लेख्नुहोस् । |
| नयाँ बप्तिस्मा पाएकाहरू | कृपया संख्या लेख्नुहोस् । |
| तालिमका नयाँ अगुवाहरू | कृपया संख्या लेख्नुहोस् । |
| **साना समूहहरू** | |
| नयाँ साना समूहहरू | कृपया संख्या लेख्नुहोस् । |
| सानो समूहमा रहेका नयाँ सहभागीहरू | कृपया संख्या लेख्नुहोस् । |
| सानो समूह भएका नयाँ अगुवाहरू | कृपया संख्या लेख्नुहोस् । |

- स्वयम्सेवीहरूलाई तलका प्रश्नहरूका उत्तरहरू आफ्नै शब्दमा दिनको लागि भन्नुहोस्:

    १. मण्डली स्थापनको लागि तीनवटा ईश्वरशास्त्रीय कारणहरू के-के हुन् ?
    २. आत्मिक मापन भनेको के हो ? र किन यो महत्वपूर्ण छ ?
    ३. सानो समूहको भेटघाटको चारवटा तत्वहरू र तिनीहरूको उचित क्रम के हो ?
    ४. जब हामी गहन बाइबल अध्ययनको अवलोकनको भागमा संलग्न हुन्छौं, हामीले के कुराको अबलोकन गरिरहेका हुन्छौं ?
    ५. तपाईंको मण्डली स्थापनको प्रयासको निम्ति प्रार्थनालाई परिचालन गर्न सकिने केही व्यवहारिक तरिकाहरू के हुन ?

- मण्डली स्थापकको रूपमा सहभागीहरूलाई उनीहरूले तालिममा सिकेको कुराहरु जसले तिनीहरुलाई उत्साहित, उत्प्रेति बनाएको थियो ती कुराहरु बाँड्नलाई भन्नुहोस् ।

- मण्डली स्थापक र सहभागीहरूलाई यस तालिममा सहभागी हुनु भएको लागि र उनीहरुले गरेको असल कार्यको निम्ति धन्यवाद दिनुहोस् ।

- यस सेसनको अन्त्यमा सबैजना मिलेर प्रार्थना गर्नुहोस् । यदि आवश्यक भएमा सामूहिक प्रार्थनालाई सुरु गर्नुभन्दा अगाडि छोटो विश्राम लिनुहोस् ।

**बिश्राम (१५ मिनेट)**

# सेसन ६

# सामूहिक प्रार्थना (६० मिनेट)

**सहजकर्ताको लागि निर्देशनहरू:**

- यो समूहिक प्रार्थना भनेको सिकाउने समय होइन, तर मण्डली स्थापकहरुलाई प्रार्थनाको समयमा अगुवाइ गर्नु हो । तपाईंले भजनसंग्रह ९५ लाई पहिले नै पढिसकेको हुनुपर्छ, र यसलाई कसरी विभिन्न भागहरूमा विभाजित गरिएको छ भनेर याद गर्नुहोस् (विशेषताको निम्ति यो पाठमा पछि हेर्नुहोस्) ।
- यो प्रार्थना र आराधनाको समयले हरेक मण्डली स्थापकलाई त्यो खण्डको विषयवस्तुको बारेमा विचार गर्ने मौका प्रदान गर्नुपर्छ, र नम्रतापूर्वक परमेश्वरको मार्ग खोज्नुपर्छ जसले उनको जीवन र सेवकाइलाई परिवर्तन गर्नुपर्छ ।
- सामूहिक प्रार्थनालाई तल दिइएको नमुनाअनुसार यसको लागि कसरी तपाईले कसरी व्याख्या गर्नुहुन्छ, तयार गर्नुहुन्छ र कार्यान्वयन गर्नुहुन्छ भनी अगाडि नै योजना बनाउनुहोस् ।
- बाइबलको पाठ गर्न, गीतहरू गाउन, प्रार्थना गर्न, र गवाहीहरू बाँड्नको लागि विभिन्न मण्डली स्थापकहरूलाई संग्लग्न गर्नुहोस् ।
- सामूहिक प्रार्थनाको हरेक भागको निम्ति लगभग २० मिनेटको समय दिनुहोस् ।

**सामूहिक प्रार्थना भनेको के हो ?**

सामूहिक प्रार्थना भन्ने शब्दावली १७ औं शताब्दीको सुरुतिर आएको हो, र मुख्य गरि परमेश्वरको राज्यको नयाँ विश्वव्यापी विस्तारमा भएका मुख्य प्रार्थनाका अभियानहरूलाई पछिका पुस्तालाई वर्णन गर्दा प्रयोग गर्दै आइरहेको छ । डा. वे. इडविन वोरले उत्साहजनक पैताला भन्ने पुस्तकमा यसरी लेख्दछन्: “सन् १७८०मा बेलायतमा र १७९०मा अमेरिकामा जागृतिको लागि भएको सामूहिक प्रार्थना र यी दुवै देशहरूमा नयाँ गरिएको सामूहिक प्रार्थनाहरू - संसारभरि नै भएका अभियानहरूमा सेवाकाईको लागि ख्रीष्टियनहरुलाई उत्साह दिने र सुसज्जित पार्ने मूख्य तत्वको रुपमा प्रस्तुत भएको थियो, जसले वाटरलूमा भएको लडाँईमा राष्ट्रहरूको सैनिक शक्तिलाई पूर्ण रूपमा छाँयामा पारेको थियो । पहिलो शताब्दीको मध्यभागमा (१८ औं शताब्दीको सुरुमा), हरेक मिसन दर्शन(सन् १८५८ देखि)लाई व्यवहारिक रूपमा जागृति कार्यक्रममा जागृत भएका मानिसहरूद्वारा पठाइएको मण्डलीमा सुरुवात गरिएको थियो ।”

ऐतिहासिक रूपमा भन्नुपर्दा, त्यो सामूहिक प्रार्थनाको पहिलो ध्यानाकर्षण दुईवटा मुख्य विषयहरू हो : १) ख्रीष्टियनहरूले उहाँको मण्डलीमा ख्रीष्टको पूर्णता प्रकट भएको होस् भनी प्रार्थना गरे ताकि तिनीहरूको अगाडि भएको त्यो कामलाई पूरा गर्ने शक्ति मिलेको होस् । २) तिनीहरूले जागृत र शुद्ध पारिएको मण्डलीद्धारा उहाँको उद्धारको उद्देश्य राष्ट्रहरुमा पूरा भएको होस् भनेर पनि प्रार्थना गरे । आज पनि यी दुईवटा विषयहरू कायम नै छन् ।

र यसरी "सामूहिक प्रार्थना" ले ख्रीष्टियनहरूलाई निरन्तर रूपमा भरिपूरी र पूर्णतामा एक भएका छन् भनेर वर्णन गर्न सहायता गर्दछ । असामान्य रुपमा संयूक्त प्रार्थनामा व्यक्तिले कति धेरै पटक वा कति धेरै लामो समयसम्म प्रार्थना गर्छ भन्ने कुराले निर्धारण गर्दैन तर ख्रीष्टियनले प्रार्थना गर्छन् कि तिनीहरूले परमेश्वरको हृदयले ती चिजहरूको लागि प्रार्थना गर्छन्, र तिनीहरूले सो एकसाथ - "सामूहिक रूपमा"[1] गर्छन् ।

आजको हाम्रो "सामूहिक प्रार्थना" भजनसंग्रह ९५ मा आधारित छ । यी भजनले हामीलाई तीनवटा कदमहरुद्धारा अगुवाई गर्छ, जुन तलको तालिकामा दिइएको छ ।

| **भजनसंग्रह ९५** | |
|---|---|
| १. परमप्रभुको लागि भजन गाउनु | पदहरू १-५ |
| २. परमप्रभुको अघि दण्डवत् गर्नू | पदहरू ६-७ |
| ३. परमप्रभुलाई सुन्नु | पदहरू ८-११ |

## आओ, हामी उहाँलाई आराधनामा दण्डवत् गरौं

## सामूहिक प्रार्थना

## भनजसंग्रह ९५ मा आधारित

**अ. परमप्रभुको लागि उत्सव मनाउनु : भजनसंग्रह ९५:१-५ पढ्नुहोस्**

**आऔं, हामी परमप्रभुमा आनन्दको गीत गाऔं**

- आनन्ददायक गीतहरू **गाऔं**
- हाम्रो मुक्तिको चट्टानको लागि उच्च स्वरले **कराऔं**
- छुटकाराको भजनसंग्रहबाट उच्च स्वरमा **एकसाथ पढौं** : भजनसंग्रह १८:१-३, ३०-३६
- धन्यवादका साथ परमप्रभुको सामु **जाऔं** ।

[1] *The Traveling Team* (2012). "What is a 'Concert of Prayer?'" retrieved from http://www.thetravelingteam.org/ articles/concert-prayer.

- **गवाहीको लागि समय दिनुहोस्,** विशेषगरेर तीनजनाको प्रार्थना समूहमा र मण्डली स्थापनाका अन्य क्षेत्रहरूको परमेश्वरले गर्नुभएको कार्यको लागि उहाँलाई धन्यवाद चढाउनुहोस् ।
- गीत र संगीतले परमप्रभुलाई **उचाल्नुहोस्:** परमप्रभुलाई प्रशंसाका गीतहरू गाउने अर्को समय मिलाउनुहोस् ।
- भजनसंग्रह ९५:३-५ पदहरूलाई एकसाथ पढ्नुहोस् । सारा ब्रम्हाण्डमा उहाँको सार्वभौम शासनको लागि **उहाँलाई धन्यवाद चढाउनुहोस् ।**

## आ. परमप्रभुमा आराधना गर्नु: भजनसंग्रह ९५:६-७ लाई पढ्नुहोस्

- **दण्डवत गर्नुहोस्...**हाम्रा सृष्टिकर्ता परमप्रभुको अगाडि घुँडा टेक्नुहोस् (तपाईंको शरीरको अवस्थाले खण्डमा भएको कुरालाई प्रदर्शन गर्ने कुरालाई विचार गर्नुहोस्, र भजनको परिवर्तनको अवस्थालाई मनन गर्नुहोस्) ।
- विद्यार्थीहरूलाई नम्रताको आत्मामा प्रार्थना गर्न **उत्साह दिनुहोस्** । यदि तिनीहरू यसो गर्न सहज महशुस गर्छन् भने, घुँडा टेक्न लगाउनुहोस् ।
- **उहाँ हाम्रो परमप्रभु हुनुहुन्छ...** हामी उहाँका खर्कका मानिसहरू हौं ।
- तपाईंको व्यक्तिगत गोठालाको रूपमा **उहाँलाई ग्रहण गर्नुहोस्** । तपाईंको निम्ति गर्नुभएको वास्ताको लागि उहाँलाई प्रशंसा होस् ।
- तपाईंको हृदयलाई नम्र बनाइदिनुभएको होस् भनी **प्रार्थना गर्नुहोस्** ताकी तपाईंले उहाँ बोल्नुभएको सुन्न सक्नुभएको होस् ।

## इ. उहाँको आवाजलाई सुन्नुहोस्, तपाईंको हृदयलाई कठोर नपार्नुहोस्: भजनसंग्रह ९५:८-११ लाई पढ्नुहोस्

- तपाईंलाई थाहा भएको पापलाई स्वीकार गर्नुहोस् । १ यूहन्ना १:९ पढ्नुहोस् ।
- परमप्रभुको आवाजलाई सुन्न समय दिनुहोस् । परमेश्वरलाई देखाउन भन्नुहोस् कि यदि त्यस्ता क्षेत्रहरू छन् जहाँ तपाईंको पुरानो रुपहरु, आनीबानीहरु वा मण्डली स्थापनाको तरीकाहरु जुन तपाईले अध्ययन गर्नुभएको बाइबल पदहरुको परिणाम स्वरुप अब उप्रान्त तपाईको सन्दर्भ अनुकुल छैन । तपाईंको जीवन र सेवकाइमा परमेश्वरले तपाईले के कुरा राख्नुभएको र के कुरा तपाईले परिवर्तन गरको चाहनुहुन्छ भन्ने बारेमा परमेश्वर सँग संघर्ष गर्नुहोस् ।
- हिब्रू ३:७-१९ लाई पढ्नुहोस् । पद १३ ले हरेक दिन एक-अर्कालाई उत्साह दिनुपर्छ कुरालाई बताउँदछ । दुई वा तीनजना मानिसहरूको समूहमा विभाजन गर्नुहोस् । एक-अर्काको निम्ति उत्साहको प्रार्थना गर्नुहोस् ।
- मण्डली स्थापकहरूको निम्ति एउटा भजन गाउनुहोस् र आशिष्को प्रार्थना गरी अन्त्य गर्नुहोस् ।

# अन्त्य गर्नु

- मण्डली स्थापकको रूपमा सहभागीहरूलाई उनीहरूले तालिममा सिकेको कुराहरु जसले तिनीहरुलाई उत्साहित, उत्प्रेति बनाएको थियो ती कुराहरु बाँड्नलाई भन्नुहोस् ।

**यसछि के ?**

तपाईं अर्को नमुनामा आउनुभन्दा अगाडि, हामी तपाईंलाई निम्न कुराहरू गर्नलाई सिफारिस गर्दछौं:

- नयाँ १० जना व्यक्तिहरूसँग सम्पर्क गर्नुहोस् ।
- ५ जना मानिसहरूलाई सुसमाचार सुनाउनुहोस् ।
- एउटा नयाँ सानो समूहको सुरुवात गर्नुहोस् ।

नमुना #३ को लागि कार्ययोजना: जाँच सूची

- आत्मिक मापनको क्रियाकलापलाई पूरा गर्नुहोस् (सेसन १ हेर्नुहोस्) ।
- तपाईंको गवाहीलाई तयार गर्नुहोस् र ५ जना अविश्वासीसँग बाँड्नुहोस् (सेसन २ हेर्नुहोस्) ।
- यदि तपाईंसँग यर्मिया १:४-१० को प्रेरक बाइबल अध्ययनलाई पूरा गर्ने समय भएन भने, अर्को नमुनाको लागि पूरा गर्नुहोस् (सेसन ४ हेर्नुहोस्) ।
- तपाईंको प्रार्थना सहयोगी समूहको निर्धारण गर्नुहोस् र हिँडाइ प्रार्थनामा जानुहोस् ( सेसन ५ हेर्नुहोस्)